राष्ट्रिय स्वाभिमान, संविधानको रक्षा र स्थिरता हाम्रो सरोकार !
आर्थिक–सामाजिक रूपान्तरण र समृद्धि समाजवादको आधार !!

# प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन २०७९



## नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) को

# घोषणापत्र

आदरणीय दिदीबहिनी तथा दाजुभाइहरू,

देशमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान जारी भएपछि दोस्रो पटक प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन हुन गइरहेको छ। वि.सं. २०६२/०६३ को जनक्रान्तिले मुलुकमा सयौँ वर्षदेखि कायम रहेको सामन्ती राजतन्त्रको अन्त्य गरी सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना गरेको थियो। यस युगान्तकारी परिवर्तनका लागि नेपाली जनताले विगत ७५ वर्षदेखि अनेकौँ जनआन्दोलन र सङ्घर्षहरू सञ्चालन गरेका थिए। यी सङ्घर्षका क्रममा हजारौँ योद्धाहरूले आफ्नो जीवन बलिदान गरेका छन्, हजारौँ योद्धा बेपत्ता, घाइते र अङ्गभङ्ग भएका छन्। यस क्रममा कैयौँ व्यक्तिले कठोर जेलसजाय भोगेका थिए र कैयौँ भूमिगत जीवन बिताउन बाध्य भएका थिए। हामी आफ्नो जीवन उत्सर्ग गर्नुहुने महान् सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै ती सङ्घर्षहरूमा भाग लिने सबैलाई कृतज्ञतासहित अभिनन्दन गर्दछौँ। कम्युनिष्ट आन्दोलनका धरोहर कमरेड पुष्पलाल, कमरेड मनमोहन अधिकारी, जननेता कमरेड मदन भण्डारीलगायत आन्दोलनमा योगदान पुऱ्याउनुहुने अग्रजहरूलाई यस अवसरमा उच्च सम्मानका साथ स्मरण गर्दछौँ। महान् सहिदहरू, आन्दोलनका अग्रजहरू, आन्दोलन र सङ्घर्षका योद्धाहरू एवं आम जनसमुदायको सपना, अपेक्षा र आकाङ्क्षा पूरा गर्ने प्रयासमा निरन्तर रहने दृढसङ्कल्प गर्दछौँ।

आसन्न प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा व्यापक उत्साहका साथ सहभागी हुन हामी सम्पूर्ण मतदातालाई हार्दिक आह्वान गर्दछौँ। यस निर्वाचनमा सही एवं योग्य जनप्रतिधिहरू चयन गरी नयाँ संविधानले परिकल्पना गरेको समाजवादउन्मुख राष्ट्र निर्माणका लागि सामाजिक-आर्थिक रूपान्तरणलाई साकार पार्ने कार्यमा योगदान गर्न हामी हार्दिक एवं विनम्र अनुरोध गर्दछौँ।

## हाम्रो विद्रोह र पार्टी पुनर्गठन

२०७४ मा हामी तत्कालीन नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) मिलेर चुनावी गठबन्धन बनाई यहाँहरूबिच आएका थियौँ र झन्डै दुई तिहाई संसदीय स्थानमा विजय प्राप्त गरी केपी ओलीको नेतृत्वमा सङ्घीय सरकार निर्माण गरिएको थियो। त्यस सरकारले जनअपेक्षा र निर्वाचनका बेला जनतासमक्ष गरिएका प्रतिवद्धताअनुरूप काम नगरेको मात्र होइन, भ्रष्टाचार र कुशासनलाई प्रश्रय दिएकाले जनताको अपेक्षामाथि गम्भीर रूपमा कुठाराघात भएपछि आम जनताका मनमा केपी ओलीको दक्षिणपन्थी अवसरवादका बारेमा मात्रै होइन, समग्र राजनीति प्रति नै वितृष्णा उत्पन्न हुन गयो। त्यति मात्र होइन एमाले नेतृत्वमा दक्षिणपन्थी अवसरवाद, गैरकम्युनिष्ट विचार, गलत आचरण र षड्यन्त्रकारी कार्यशैली समेत विकास भयो, जसको कारण कम्युनिष्ट पार्टी र

सिङ्गो कम्युनिष्ट आन्दोलनलाई नै ठुलो क्षति भयो। हामीले नेकपा (एमाले)मा व्याप्त अवसरवाद, गैरकम्युनिष्ट विचार, आचरण र कार्यशैली सुधार्नका लागि धेरै प्रयास गर्‍यौँ। एमाले नेतृत्वलाई सुधार्न र ठीक ठाउँमा ल्याउन नसकिने ठहर गरिसकेपछि हामीले विद्रोह गर्‍यौँ र नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) गठन गर्‍यौँ। अहिले हामी 'कलम' चुनाव चिन्ह लिएर यहाँहरूमाझ आएका छौँ।

देशका तमाम गरिब, मजदुर, किसान, मध्यमवर्ग र राष्ट्रिय उद्यमी सबैका मनमा कम्युनिष्ट आन्दोलनले जुन आशा र भरोसा जगाएको थियो, त्यसलाई हामी पुनः जागृत र विकसित गर्न चाहन्छौँ। हामी कम्युनिष्ट आन्दोलनमा नयाँ पुनर्जागरण ल्याउन चाहन्छौँ र त्यसमार्फत् व्यापक पुनर्गठन गर्न चाहन्छौँ। नेपाली समाजको आमूल परिवर्तनका लागि सही विचार, सिद्धान्त, कार्यक्रम र कार्यदिशा तथा सोहीअनुसारको सङ्गठन, नेता-कार्यकर्ताहरूको असल आचरण र कार्यशैली भएको कम्युनिष्ट पार्टीको आवश्यकता आज सबै प्रगतिशिल तथा क्रान्तिकारी जनसमुदायले गरिरहनुभएको छ। सही कार्यक्रमका आधारमा मात्रै व्यापक स्तरमा कम्युनिष्ट एकता सम्भव हुन सक्छ। जालझेल, षड्यन्त्र, झुठा आश्वासन र तिकडमका आधारमा गरिने पार्टी एकता वा नेतृत्व कब्जाबाट कम्युनिष्ट आन्दोलनको पुनर्गठन हुन सक्दैन। यही बुझेर नै हामीले बुलन्दीका साथ विद्रोहको झन्डा उठाएका हौँ। तत्कालिन नेकपा (एमाले) बाट गरिएको हाम्रो विद्रोह देशको कम्युनिष्ट आन्दोलनलाई दक्षिणपन्थी अवसरवाद र विसर्जनवादको दलदलबाट जोगाउनका लागि थियो। नेकपा (एमाले) को नेतृत्वमा देखापरेको विचारहिनता, चरम दक्षिणपन्थी विचलन, व्यक्तिवाद, अहङ्कारवाद, गुटवाद, नेतृत्वतहबाटै संस्थागत र नीतिगत भ्रष्टाचारका साथै भ्रष्टाचारीहरूको संरक्षण र निरङ्कुश कार्यशैलीका विरुद्ध विद्रोह गरी हामीले नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) गठन गरेपछि वैधानिक राजनीतिक दलका रूपमा नेपाली जनताका अगाडि उपस्थित भएका छौँ।

हामी नेपाली लोकतन्त्रलाई निरन्तर सुदृढ, समृद्ध र जनमुखी बनाउन चाहन्छौँ। जननेता कमरेड मदन भण्डारीले भन्नुभएको थियो-"लोकतन्त्र कानमा लगाउने कुण्डल होइन अर्थात् लोकतन्त्र प्रदर्शन गर्ने गहना मात्रै होइन, यो जनताको जीवनमा लागु हुनुपर्दछ। जबसम्म मानिसको पेट भोकै रहन्छ, बोल्ने-लेख्ने र सभा-सङ्गठन गर्ने अधिकारको सही उपयोग नै हुन सक्दैन। बिरामी पर्दा उपचार पाउन नसक्ने अवस्थाको मानिसलाई लोकतन्त्रका अधिकार कागलाई बेल पाकेजस्तै हुन्छ। आफ्ना बालबच्चालाई विद्यालय पठाउने बेलामा साहुको घरमा कामदार राख्न बाध्य हुनुपर्ने, कानुनले अवैध भनेको बालश्रममा पठाउनुपर्ने अभिभावकका लागि लोकतन्त्रले आशा जगाउन सकेन भने अवश्य पनि निराशा बढ्न थाल्छ। रोजगारीको खोजीमा विदेशी भूमिमा पसिना बगाउन

बाध्य युवा-युवतीहरूका लागि लोकतन्त्रले देशभित्रै कामको ग्यारेन्टी गर्ने बाटो देखाएमा मात्रै लोकतन्त्रलाई आम जनताले अनुभूत गर्न सक्छन् ।" यसैले हामी कम्युनिष्टहरूको परिभाषामा बोल्ने, लेख्ने, सभा-सङ्गठन गर्न पाउने, योग्यताअनुसार रोजगारी पाउने, पढ्ने उमेरमा शिक्षा पाउने र बिरामी पर्दा उपचारको व्यवस्था हुनुका साथै अपाङ्गता भएका व्यक्ति तथा बृद्ध उमेरका नागरिकहरूले सामाजिक संरक्षण पाउने व्यवस्था नै वास्तविक लोकतन्त्र हो । हामी नेपाली समाजमा यस्तै समाज व्यवस्था स्थापना गर्न चाहन्छौँ । हामी अहिलेको सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई सुदृढ गर्दै लैजान चाहन्छौँ । हामी सबै नागरिकहरूलाई गाँस-बाँस-कपासको प्रत्याभूति, शिक्षा र स्वास्थ्य उपचार निःशुल्क हुने, उत्पादनका साधनमाथि समान हक हुने, सामाजिक न्याय एवं समानता र बोल्ने, लेख्ने, सभा-सङ्गठन गर्ने स्वतन्त्रतासहितको समृद्ध लोकतान्त्रिक समाज व्यवस्था अर्थात वास्तविक समाजवादी व्यवस्था स्थापना गर्न चाहन्छौँ । यही दृढसङ्कल्प यहँहरूसमक्ष प्रस्तुत गर्दछौँ ।

## विगतका हाम्रा प्रयासहरू

आदरणीय जनसमुदाय,

नेपाली कम्युनिष्ट आन्दोलन अनेकन उकाली-ओराली बेहोर्दै र सङ्कटका विभिन्न भङ्गालाहरू पार गर्दै अगाडि बढिरहेको छ। कम्युनिष्ट पार्टीले सही विचार, सिद्धान्त र कार्यक्रमका आधारमा आफूलाई अगाडि बढाउँदा छरिएर रहेका कम्युनिष्ट पार्टीहरूका बिचमा एकता र सहकार्य अगाडि बढेको छ। यसो गर्दा लोकतान्त्रिक र देशभक्त शक्तिहरूलाई साथमा लिएर देशको राजनीतिमा महत्वपूर्ण परिवर्तन ल्याउन सम्भव भएको छ। वि.सं. २००७, २०४६ र २०६३ का युगान्तकारी परिघटनाहरू यस कुराका प्रमाण हुन् । कम्युनिष्ट पार्टीले सही नीति र कार्यक्रमका आधारमा आपसमा एकता गर्दै अगाडि बढ्दा २०५१ सालमा अल्पमतकै भए पनि नेपालमा पहिलो कम्युनिष्ट सरकार निर्माण गर्न सम्भव भएको थियो ।

कमरेड मनमोहन अधिकारीको नेतृत्वमा गठित २०५१ सालको नौ महिने सरकारको सबैभन्दा लोकप्रिय र जन-जनका मन मस्तिष्कमा बस्न सफल कार्यक्रम हो, 'आफ्नो गाउँ, आफै बनाऔँ' । यो कार्यक्रम नेपालको स्थानीय विकासको क्षेत्रमा आधारभूत परिवर्तन ल्याउने युगान्तकारी कदम थियो। केन्द्रीय सरकारले स्थानीय निकाय गाविस/नगरपालिकालाई बजेट उपलब्ध गराउने तर स्थानीय जनताले नै योजना छनौट गर्ने, योजना र बजेट कार्यान्वयन गर्ने, योजनाको अनुगमन गर्ने र जनलेखा परीक्षणसमेत स्थानीय जनताले गर्ने यो कार्यक्रम ग्रामीण विकासको एउटा नमुना कार्यक्रम थियो । यही कार्यक्रमको जगमा नै अहिलेका पालिकाहरूमा उल्लेख्य मात्राको बजेट जाने

गरेको छ। 'आफ्नो गाउँ, आफैं बनाऔँ' कार्यक्रम नेपाली अर्थतन्त्रमा बिजारोपण गरिएको पहिलो समाजवादउन्मुख कार्यक्रम थियो। त्यसरी नै काठमाडौं र ठुला सहर केन्द्रित विकासलाई देशका कुनाकुनासम्म पुऱ्याउने प्रत्येक निर्वाचन क्षेत्र केन्द्रित 'नौ स' कार्यक्रम अर्को एउटा सन्तुलित विकासको नमुना थियो। प्रत्येक निर्वाचन क्षेत्रमा समान बजेट छुट्ट्याउने गरी यो कार्यक्रमलाई अगाडि सारिएको थियो। 'नौ स' अन्तर्गत स्थास्थ्य, शिक्षा, स्वच्छ खानेपानी, स्थानीय सडक, साना सिँचाइ, सघन वन, सामुदायिक विद्युतीकरण, साना तथा लघु उद्योग, सिपमूलक तालिमजस्ता पूर्वाधार र रोजगारमूलक कार्यक्रमहरू अगि सारिएका थिए। अहिले गाउँगाउँमा शिक्षा, स्वास्थ्य, सडक, खानेपानी, साना जलविद्युत् लगायत भौतिक पूर्वाधार निर्माणको लहर चलेको छ, त्यसको आधारशिला 'आफ्नो गाउँ, आफै बनाऔँ' र 'नौ स' कार्यक्रमहरू नै हुन्।

बृद्धभत्ता, एकल महिला र अपाङ्गता भएका व्यक्तिका लागि भत्तालगायत सामाजिक सुरक्षाका विभिन्न कार्यक्रम, 'गाउँगाउँमा सहकारी, घरघरमा रोजगारी', भूमिहीन सुकुमबासीलाई जग्गाको लालपुर्जा वितरणजस्ता जनमुखी कार्यक्रम कार्यान्वयनमा ल्याइएको थियो। पहिलो कम्युनिष्ट सरकारले जग्गा जोत्ने तर जग्गामा आफ्नो स्वामित्व नभएका भूमीहीन, सुकुम्बासीलाई पहिलो पटक जमिनको मालिक बनाउने काम गऱ्यो। सरकारले उच्च स्तरीय सुकुमबासी समस्या समाधान आयोग गठन गरेर करिब साठी हजार किसानलाई जग्गाधनी लालपुर्जा वितरण गर्नुका साथै जमिनसँग जोडिएका विभिन्न समस्या समाधानका लागि कार्यक्रम अघिसारेर लागु गरेको थियो। माथि उल्लेख गरिएका विविध कामका साथै विभिन्न समयमा हाम्रो नेतृत्वमा भएका कामहरूलाई बुँदागत रूपमा प्रस्तुत गरिएको छ-

१. गणतन्त्र स्थापनामा नेतृत्वदायी भूमिका,
२. शान्ति स्थापनामा प्रमुख भूमिका,
३. तत्कालीन 'अनमिन' (UNMIN) लाई बिदा गर्ने काम,
४. पुष्पलाल (मध्यपहाडी) लोक मार्गको सुरुवात,
५. काठमाडौं-निजगढ द्रुत मार्गको सुरुवात,
६. स्थानीय तहमा महिला र उत्पिडीत-दलित समुदायको उपस्थिति बढाउने काम,
७. माथिल्लो तामाकोशी जलविद्युत आयोजना निर्माणको सुरुवात,
८. कलङ्की नौबिसे सुरुङ मार्गको योजना,
९. जनता आवास कार्यक्रम,

१०. विद्यालय र बालबालिका शान्ति क्षेत्र घोषणा,
११. अन्तर्जातीय विवाहलाई प्रोत्साहन,
१२. एकल महिलाहरूलाई प्रोत्साहित गर्ने कार्यक्रम,
१३. महिलामाथि हुने हिंसा नियन्त्रण गर्न प्रहरीमा महिला सेलको स्थापना,
१४. अपाङ्गता भएका व्यक्ति लगायतलाई सामाजिक सुरक्षा कार्यक्रम,
१५. सुत्केरी भत्ताको व्यवस्था ।

## हाम्रा मुख्य नीतिगत प्रतिवद्धता

आदरणीय जनसमुदाय,

अब हामी प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन-२०७९ का सन्दर्भमा आफ्ना मुख्य नीतिगत प्रतिबद्धताहरू उल्लेख गर्न चाहन्छौँ । हामी यिनै नीतिगत प्रतिबद्धताहरूको आधारमा आगामी दिनमा अगाडि बढ्नेछौँ ।

### १. प्राप्त उपलब्धिको रक्षा र विस्तार

नेपाली जनताको लामो र बलिदानीपूर्ण सङ्घर्षबाट मुलुकमा महत्वपूर्ण उपलब्धिहरू हासिल भएका छन् । सामन्तवादलाई परास्त गरी स्थापना गरिएको समाजवाद उन्मुख सङ्घीय लोकतान्त्रिक गणतन्त्र, समानुपातिक समावेशिता, धर्मनिरपेक्षता, सामाजिक न्याय र वाक स्वतन्त्रतासहितको राजनीतिक प्रणाली समाजको आर्थिक-सामाजिक रूपान्तरणका आधारको रूपमा रहेको छ । अहिले मुलुकमा एकातर्फ प्राप्त उपलब्धिहरूको रक्षा गर्दै थप उपलब्धिहरूका लागि पहल गरिरहन प्रतिबद्ध पक्ष छ भने अर्कोतर्फ यी उपलब्धिहरूलाई समाप्त गरेर भए पनि आफ्नो स्वेच्छाचारी शासन सञ्चालन गर्ने दुराकाङ्क्षी पक्ष रहेको छ । अहिलेको निर्वाचनमा यिनै दुई पक्षका बिच प्रतिस्पर्धा हुन गइरहेको छ । हामी प्राप्त उपलब्धिहरूको रक्षा गर्दै थप उपलब्धिहरूका निम्ति निरन्तर पहल गरिरहने पक्षामा छौँ र यही अडानमा रहिरहने छौँ । जनताले यी दुई पक्षमध्ये प्राप्त उपलब्धिहरूको रक्षा र विस्तार गर्न चाहने पक्षलाई छान्ने कि यसको विरोधी पक्षलाई छान्ने भन्ने फैसला गर्नुपर्ने छ । हामीलाई के विश्वास छ भने जनताले प्राप्त उपलब्धिहरूको रक्षा र विस्तार गर्ने पक्षमा नै मत जाहेर गर्ने छन् । हाम्रो आह्वान र अनुरोध पनि यही नै छ ।

## २. लोकतन्त्रको सुदृढीकरण र विकास

अहिले मुलुकमा बहुदलीय प्रतिस्पर्धात्मक प्रणालीसहितको लोकतन्त्र कायम छ। यो समानुपातिक एवं समावेशी सहभागितात्मक विशेषतासहितको छ। यो हाम्रो आफ्नै मौलिक विशेषता हो। यो नै पर्याप्त भने छैन। यो नै पनि सुदृढ र सु-स्थिर वन्न सकेको छैन। यसका विरुद्ध अनेक प्रकारका षड्यन्त्र भइरहेका छन्। हामी यस विरुद्धका सबै षड्यन्त्रहरूलाई परास्त गर्दै यसलाई सुदृढ र सु-स्थिर बनाउँन र समाजवादी लोकतन्त्रका रूपमा विकास गर्न चाहन्छौँ। यो हाम्रो दृढ प्रतिबद्धता हो। यो हाम्रो समाजमा व्याप्त गरिबी, अभाव, असमानता, विभेद र पछौटेपनको अन्त्य गर्दै समृद्धि, सामाजिक न्याय र समानतामा आधारित सभ्य एवं सुसंस्कृत समाज निर्माण गर्ने प्रतिबद्धता पनि हो। यस प्रतिबद्धतामा हामी दृढतापूर्वक अडिइरहने छौँ।

लोकतन्त्रको सुदृढिकरण र विकासको सवाल स्थापित प्रणालीको स्थिरताको सवाल पनि हो। मुलुकको विकासका निम्ति लोकतान्त्रिक प्रणालीको स्थिरता जरुरी पर्दछ। स्थापित प्रणालीका विरुद्ध गतिविधि गर्दै मुलुकमा अस्थिरता सिर्जना गर्ने दुष्प्रयास पनि भइरहेको छ। हामी त्यस प्रकारको दुष्प्रयासलाई परास्त गर्दै मुलुकमा स्थिरता कायम गरी लोकतन्त्रको सुदृढीकरण र विकासको यात्रामा अगाडि बढ्न दृढप्रतिज्ञ छौँ। स्थिरताको पक्षमा मत दिने कि अस्थिरताको पक्षमा भन्ने जनताले फैसला गर्नुपर्ने छ। हामीलाई विश्वास छ कि जनताले अस्थिरताको पक्षमा होइन स्थिरतको पक्षमा मतदान गरी मुलुकलाई विकासको मार्गमा अगाडि बढाउने आधार प्रदान गर्ने छन्।

## ३. निर्वाचन प्रणालीमा सुधार

अहिलेको निर्वाचन प्रणाली अत्यन्त खर्चिलो र भड्किलो समेत छ। यो मूलतः धेरै पैसा खर्च गर्नेले मात्र जित्न सक्ने खालको छ। यो जटिल पनि छ र कुनै पार्टीले बहुमत ल्याउन नसक्ने खालको छ। कुनै पनि पार्टीको एकल बहुमत नआएपछि गठबन्धनको सरकार बन्ने र त्यो अस्थिर भई विकास निर्माणका काम गर्न नसक्ने अवस्था देखिएको छ। हामी यस निर्वाचन प्रणालीलाई सुधार गरेर सरल र कम खर्चिलो बनाउन चाहन्छौँ। यसै पटक पनि हाम्रो पार्टीले कमभन्दा कम खर्चिलो चुनाव प्रचार अभियान सञ्चालन गर्ने छ र हाम्रा उम्मेदवारहरूले पनि कमभन्दा कम खर्चिलो चुनाव प्रचार अभियान सञ्चालन गर्ने छन्।

## ४. सुशासन र पारदर्शिता

सुशासन र पारदर्शिता लोकतन्त्रका अपरिहार्य शर्त हुन्। जनताले सुशासन र पारदर्शिता महसुस गर्न पाएको अवस्था अहिले छैन। भ्रष्टाचार, कमिसनतन्त्र, ढिलासुस्ती र अपारदर्शिता क्यान्सर रोग जस्तै गरी फैलिरहेको छ। सङ्घीयताको मर्म अनुरूप जनताको घरदैलोमै प्रभावकारी सेवा प्रदान गर्न पनि सकिएको छैन। हामी यस स्थितिमा परिवर्तन गर्नैपर्ने पक्षमा छौँ। भ्रष्टाचारमा शून्य सहनशीलतासहितको सुशासन, पूर्ण पारदर्शिता, शक्ति पृथकीकरणको सिद्धान्तअनुरूप राज्यका सबै अङ्गहरूको कार्य सम्पादन र संघीयताको मर्म अनुरूप जनताको घरदैलोमै प्रभावकारी सेवा प्रदान गर्ने तथा छिटो, छरितो र समय सीमाभित्र विकास निर्माणलगायत सबै काम सम्पन्न गर्ने प्रणालीको विकास गर्ने हाम्रो दृढप्रतिज्ञा छ। हामी यी प्रतिज्ञामा सधै अडिग रहने छौँ।

## ५. आत्मनिर्भर अर्थतन्त्र निर्माणमा जोड

नेपालको पछौटेपन, आयात आधारित राजस्वको मूल स्रोत, लगातार बढ्दै गइरहेको व्यापार घाटा, चर्को बेरोजगारी, युवाहरूको विदेश पलायन, कृषिबाट सक्रिय जनशक्तिको पलायन, वैदेशिक रोजगारीमा युवाहरूको अत्यासलाग्दो पलायन, वार्षिक बजेटमा ऋणको निरन्तर वृद्धि, बजेटको पुँजीगत खर्च नहुने समस्या, महङ्गीको अचाक्ली वृद्धि, कालोबजारी, उत्पादनका स्रोत-साधनहरूमा दलाल पूँजीपतिहरूको नियन्त्रण, मिटर ब्याजीको शोषण, वित्तीय क्षेत्रमा मौलाएका विकृतीहरू, अभाव र गरिबी नेपाली अर्थतन्त्रका आधारभूत समस्या हुन्।

हामी जबसम्म हाम्रो आफ्नै आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्न सकिदैन तबसम्म अर्थतन्त्रका उपर्युक्त समस्याबाट मुक्त हुन सकिदैन र हाम्रो परनिर्भरता कायमै रहन्छ। कृषिको आधुनिकीकरण, स्वदेशी कच्चा पदार्थ आधारित उद्योग, ऊर्जालगायतका क्षेत्रमा उत्पादन एवं व्यापार वृद्धि तथा पर्यटन, व्यवस्थापन र सूचना तथा प्रविधी लगायतका सेवा क्षेत्रको विकास एवं विस्तार गरेर परनिर्भरता कम गर्दै जानु र आत्मनिर्भर अर्थतन्त्रको जग बसाल्नु आजको हाम्रो मुख्य आर्थिक कार्यभार हो। यो कार्यभार वहन गर्नका निम्ति हामी दृढतापूर्व अगाडि बढ्न चाहन्छौँ। राष्ट्रिय उत्पादनमा वृद्धि गरी निर्यातमा बढोत्तरी र आयतमा कटौति गरेर व्यापार घाट कम गर्दै लानुपर्ने छ। यो कार्यभार वहन गर्नका निम्ति हामी दृढतापूर्व अगाडि बढ्न चाहन्छौँ। यी सव काम गर्नका निम्ति हामीलाई जनताको साथ चाहिएको छ।

## ६. आर्थिक–सामाजिक रूपान्तरण : समाजवादका आधार निर्माण

हाम्रो लक्ष्य वैज्ञानिक समाजवाद हो । वैज्ञानिक समाजवाद भनेको सबै जनताका निम्ति खाना, छाना र नाना तथा शिक्षा, स्वास्थ्य र रोजगारी उपलब्ध गराइएको, उत्पादनका साधनमाथि समान हक भएको र सामाजिक न्याय एवं समानतासहितको समाज व्यवस्था हो । वर्तमान नेपाली समाजमा आर्थिक-सामाजिक रूपान्तरणका लागि व्यापक अभियान सञ्चालन नगरी त्यो अवस्था निर्माण गर्न सकिदैन । हामी वर्तमान नेपाली समाजमा व्यापक रूपले आर्थिक-सामाजिक रूपान्तरणका अभियान सञ्चालन गरेर समाजवादका आधार निर्माण गर्नुपर्दछ भन्ने पक्षमा छौं । द्रुततर आर्थिक विकाससहितको समृद्धिको यात्राबाट अगाडि बढेर मात्रै समाजवादको लक्ष्य प्राप्त गर्न सकिन्छ भन्नेमा हामी विश्वस्त छौं । यसलागि पनि हामीलाई जनताको साथ अवश्य प्राप्त हुनेछ ।

## ७. राष्ट्रिय हित र स्वाभिमानको संवर्द्धन

मित्र राष्ट्रसँगको सीमा समस्या समाधान गर्न र अतिक्रमित नेपाली भूभाग फिर्ता लिन उच्च प्राथमिकतासहित कुटनीतिक पहल गर्न दवाव दिइने छ। नेपालको अर्न्तराष्ट्रिय सिमानालाई अर्न्तराष्ट्रिय कानून र स्थापित मूल्य मान्यता अनुरुप नियमित गर्ने, देशका सिमाना दशगजा क्षेत्रलाई व्यवस्थित गरी राष्ट्रिय सुरक्षा संवेदनशीलतालाई ध्यान दिदैं देशबाट बाहिरिने र देशमाभित्रिने मानिसहरूको व्यवस्थित रेकर्ड राखिने छ। हाम्रो खुला सिमानालाई यसरी व्यवस्थित गर्न सक्दा मानव बेचबिखन तथा ओसार-पसार र अन्य अपराधहरू नियन्त्रण गर्न पनि सहज हुने छ। यस मामिलामा सम्बन्धित पक्षसँग वार्ता गरी समस्या समाधान गर्न पहल गरिने छ।

## ८. योजना प्रणालीमा आमूल परिवर्तन

भौतिक विकास-निर्माणका सन्दर्भमा हाम्रो योजना छनौट र कार्यान्वयन प्रक्रियामा गम्भीर समस्याहरू छन्। योजना छनौटमा दाताहरू र प्रभावशाली ठानिएका जनप्रतिनिधि, नेता र मन्त्रीहरूको दबाबका कारणले लगानी र प्रतिफलको यथार्थ मूल्याङ्कन नगरी विकास आयोजनाहरू लैजाने प्रवृत्ति गम्भीर रोगका रूपमा देखापरेको छ। यथेष्ट रकमको विनियोजन हुन नसकी आधा-अधुरा निर्माण रोकिएका पुल, सडक अनगिन्ती सङ्ख्यामा छन्। करोडौं लागत लाग्ने योजनाहरूमा बर्सेनि केही लाख बिनियोजन गर्ने प्रवृत्तिले गर्दा विकास-निर्माणको रकम दुरूपयोग भइरहेको छ। सयौं योजनामा नाम मात्रको बजेट छुट्याउने प्रवृत्तिले गर्दा कुनै पनि योजना बर्सौंसम्म सम्पन्न हुन नसक्ने र विनियोजित रकमले प्रतिफल

पनि नदिने अवस्था रहेको छ । हामी यस्तो प्रणाली बदल्ने पक्षमा छौँ । यसर्थ हामी सरकारमा रहँदा उच्च प्राथमिकताका विकास आयोजनाहरूलाई छिटोभन्दा छिटो प्रतिफल दिने गरी रकम विनियोजन गर्ने र समयमै निर्माण सम्पन्न गर्ने प्रणालीको विकास गर्ने छौं । प्रतिपक्षमा रहँदा सङ्घीय र प्रादेशिक संसद्मा त्यसका लागि आवाज बुलन्द पार्ने छौँ ।

गणतन्त्र स्थापना भएपछिको समयमा देशको उत्पादनसम्बन्ध परिवर्तन गर्ने गरी अर्थतन्त्रमा हस्तक्षेप गर्न नसक्नु, आवधिक योजना र वार्षिक बजेटमा समाजवादको आधार तयार गर्ने गरी कुनै ठोस प्रावधान ल्याउन नसक्नु र संसद्, योजना आयोग, विभिन्न राष्ट्रिय स्तरका गोष्ठी इत्यादिमा अर्थतन्त्रका आधारभूत समस्या समाधान गर्न सक्ने गरी छलफल गर्न/गराउन नसकेकोमा देशका वामपन्थी दलहरूले आत्मालोचना गर्नै पर्दछ । यसैगरी वि.सं. २०४६ सालदेखियताका अधिकांश समय सत्ताको नेतृत्व गरेको नेपाली काङ्ग्रेसले आफूले भन्ने गरेको प्रजातान्त्रिक समाजवादको कुनै गन्ध पनि नआउने कार्यक्रम अगाडि बढाउने र विश्वमै असफल निरपेक्ष उदारवादी आर्थिक नीति अपनाएर आज देशलाई उद्योगविहीन अवस्थामा पुऱ्याएको विषयमा गम्भीर आत्मालोचना गर्नु आवश्यक देखिन्छ । हामीले माथि नै चर्चा गरिसकेका छौँ, देशको आर्थिक अवस्थामा आमूल परिवर्तन गर्नका लागि विचारको सशक्त अभियान अगाडि बढाउन सकियोस् भनेर नै हामीले विद्रोह गरी नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) गठन गरेका हौँ ।

हामी चाहे सत्तापक्षमा रहौँ या प्रतिपक्षमा, आगामी संसद्मा रोजगारी वृद्धि, कृषि उत्पादनमा वृद्धि र कृषि उपजहरू बिक्रीको प्रत्याभूति, सिँचाइ योजनामा व्यापक विस्तार, नेपाली मौलिक उत्पादनको प्रवर्द्धन, ब्रान्डिङ र निर्यात, कृषि उत्पादन तथा स्वदेशी कच्चा पदार्थमा आधारित औद्योगीकरण, विद्युतीकरणका साथै व्यापक रूपमा विद्युत उत्पादन, वितरण र व्यापार, गरिबी निवारण, आधारभूत शिक्षा र स्वास्थ्य उपचार निःशुल्क, नेपालमा नै गुणस्तरिय शिक्षा प्रदान गर्न सक्ने गरी विश्वविद्यालय र शैक्षिक संस्थाहरूको पुनर्संरचना र विकास गर्नेजस्ता विषयलाई प्रमुख प्राथमिकताका साथ उठाउने छौँ । सारांशमा भन्ने हो भने हामी योजना प्रणालीमा आमूल परिवर्तनको पक्षमा छौँ ।

हामी सबैभन्दा पहिले देशलाई कृषि उत्पादनमा आत्मनिर्भर बनाउँदै सोही क्षेत्रबाट व्यापार घाटा कम गर्ने, कृषिलाई उद्योगसँग जोड्ने, तुलनात्मक लाभका क्षेत्रमा व्यापक औद्योगीकरण गर्ने, नेपाली मौलिक प्रविधिका उत्पादनको संरक्षण र विस्तार गर्दै अन्तर्राष्ट्रिय स्तरमा ब्रान्डिङ गरी देशको अर्थतन्त्रलाई सबल बनाउँदै

युवा जनशक्तिको पलायनलाई रोक्ने गरी अर्थतन्त्रको पुनरसंरचना गर्ने पक्षमा छौँ । अर्थतन्त्रलाई सही दिशानिर्देश गरिसकेपछि तपसिलका प्रतिबद्धता पूरा गर्न सकिने छ भन्ने हाम्रो दृढ विश्वास छ ।

## हाम्रा कार्यक्रमिक प्रतिबद्धता

आदरणीय जनसमुदाय,

अब हामी प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन-२०७९ का सन्दर्भमा आफ्ना कार्यक्रमिक प्रतिबद्धता उल्लेख गर्न चाहन्छौँ। हामी सरकारमा सामेल हुँदा यी प्रतिबद्धताहरू कार्यान्वयन गर्ने छौँ भने विपक्षमा रहँदा यिनै विषयलाई जनआवाजको रूपमा अगाडि बढाउने छौँ ।

### १. आधुनिक कृषि र सम्पन्न किसान

किसानलाई सम्पन्न बनाउने कृषि उत्पादकत्वमा वृद्धि गरेर नै हो। कृषि पूर्वाधारमा ठुलो मात्रामा लगानी गरी कृषिको आधुनिकीकरण, यान्त्रिकीकरण र व्यावसायिकरण तथा कृषि यन्त्र, मल, बिउ, प्रविधिको सहज उपलब्धता र कृषि उत्पादकत्व वृद्धिमा हाम्रो जोड रहने छ।

सम्पूर्ण कृषिभूमिमा सुपर जोन, जोन, ब्लक र पकेट स्तरका आधुनिक फार्महरूको विकास गरी माटो अनुकूल एउटै बाली उत्पादनमा जोड रहने छ।

फलफूल, तरकारी, खाद्यान्न, पशुपालन नमुना गाउँहरू स्थापना एवं कृषि फार्महरूमा व्यापक रूपमा डेरी, पोल्ट्री, पशुपंक्षी, मौरी, माछापालन, खाद्य, फलफूल तथा गैरखाद्य कृषिको उत्पादनमा जोड दिइने छ। कृषि उत्पादन, भण्डारण र वितरणमा अत्याधुनिक प्रविधिको प्रयोग गर्दै कृषिको विकासका लागि आवश्यक सङ्ख्यामा प्रयोगशाला स्थापना गर्ने र अनुसन्धानका कार्यक्रमहरू अगि बढाइने तथा बिउ सुरक्षा कार्यक्रम लागुगर्ने नीति लिइने छ।

किसानलाई जैविक तथा स्थानीय रैथाने कृषि उत्पादनको प्रणाली (अर्गानिक उत्पादन) तर्फ प्रोत्साहित गर्ने, समग्र देशलाई अर्गानिक कृषि उत्पादनतर्फ अग्रसर गराउन पहल गरिने छ।

रासायनिक मलप्रतिको निर्भरता हटाउँदै प्राकृतिक-जैविक मल उत्पादनतर्फ किसानहरूलाई आकर्षित गराउने र कृषि उत्पादनमा आवश्यक रासायनिक र प्राङ्गारिक मल देशभित्रै उत्पादन गर्नका लागि देशमा **मल कारखाना** स्थापनामा

जोड दिइने छ। समग्र कृषि उत्पादन प्राङ्गारिक मलमा आधारित गराउदै लाने र रासायनिक कीटनाशक विषादीको ठाउँमा प्राङ्गारिक विषादी प्रयोग गर्ने नीति लिइने छ।

हरेक स्थानीय तहका कृषि उत्पादन क्षेत्रमा सरकारी तथा सरकारबाट मान्यता प्राप्त कृषि तालिम केन्द्रका साथै कृषि बजार, कृषि प्रसार, पशु सेवा केन्द्रसहित एकीकृत सेवा केन्द्रको स्थापना र कृषिविज्ञ तथा आवश्यक प्राविधिक जनशक्ति विकास गर्न व्यावसायिक तथा प्राविधिक स्कुल, कलेज तथा तालिम केन्द्रहरू स्थापनामा जोड दिइने छ।

जनताको लागि खाद्य सम्प्रभुता र खाद्य सुरक्षाको प्रत्याभूति गरिने छ। दुई वर्षभित्र नेपाललाई आधारभूत खाद्यान्न, माछा, मासु, अन्डा र दुधमा आत्मनिर्भर बनाउने र पाँच वर्षभित्र खाद्यान्न निर्यात गर्ने अवस्थामा पुऱ्याइने नीति लिइने छ।

युवा तथा महिला कृषकहरूलाई आधारभूत आधुनिक कृषि शिक्षा, व्यवसायिक तालिम, सहुलियत सरल कर्जा प्रवाह, शैक्षिक प्रमाणपत्र धितो राखेर सुलभ र सहुलियत कर्जाको व्यवस्था गरेर कृषि उत्पादन वृद्धि र रोजगारी सृजनामा जोड दिइने छ।

भूमि बाँझो राख्न नपाउने, बाँझो जमिनको बहुउपयोग गर्ने, बाँझो जमिनमा खेती गर्ने र उत्पादनका आधारमा किसानलाई अनुदान, सम्मान र पुरस्कारको व्यवस्था गर्ने, कृषियोग्य भूमिमा चक्लाबन्दी एवं गरा सुधारका कार्यक्रम र सामूहिक सहकारी खेतीमा जोड दिइने छ। सहकारीको भावनाअनुरूप साना जग्गाधनीहरूको सहमतिमा जग्गा एकीकृत गरी ठुलो चक्ला बनाउन र जग्गा उपलब्ध गराउने धनीहरूको आपसी सहमतिमा सहकारी संस्था बनाउन प्रोत्साहन दिइने छ।

निम्न आय भएका कृषकहरूको जीविकोपार्जनका लागि राज्यद्वारा आय आर्जनका स्रोतको व्यवस्था र कृषि उत्पादन तथा पशुपंक्षी उत्पादनमा संलग्न किसान एवं उद्यमीहरूलाई कृषि बिमाको लागि आवश्यक रकम अनुदानमा दिने नीति बनाइने छ। कृषि उत्पादन वृद्धि गर्नका लागि लिइने ऋणमा सहुलियत दिने व्यवस्था गर्न पहल गरिने छ।

## २. संरक्षित कृषि बजार, किसानको जीवनमा बहार

नेपालको युवाशक्ति रोजगारीको खोजीमा डरलाग्दो गरी विदेश पलायन भइरहेको छ। उचित मूल्यमा कृषि उपज बिक्रीको प्रत्याभूति नभएका कारण एकातिर श्रमशक्ति कृषि क्षेत्रबाट पलायन भइरहेको छ र रोजगारीका लागि विदेशिन बाध्यता

छ भने अर्कोतिर यही कारणले कृषि श्रमिकको अभाव पनि चर्को छ। यसलाई तत्काल रोक्ने प्रमुख उपाय भनेको युवा जनशक्तिलाई कृषि कार्यमा आकर्षित गर्नु हो। यसका लागि सुनिश्चित बचतसहितको कृषि उपज बिक्रीको व्यवस्था हुनुपर्दछ। कृषि उत्पादन विक्रीको प्रत्याभूतिले यी दुबै समस्याको समाधान गर्ने छ। संरक्षित कृषि बजार यस अर्थमा युवा लक्षित कार्यक्रम नै हो। यसैले हाम्रो नारा हुने छ- "**विदेशिएका युवालाई स्वदेश फर्काऊँ, कृषि उत्पादनमा वृद्धि गरौँ** !"

किसानहरूको उत्पादनमा न्यूनतम समर्थन मूल्य कायम गरी मूल्य नपाएर उत्पादन खेर जाने स्थितिको अन्त्य गर्न निश्चित सीमा तोकेर त्यसभन्दा कम बजार मूल्य भएमा सरकारले नै खरिद गर्ने व्यवस्था गर्न जोड दिइने छ। किसानले उत्पादन गरेका बस्तु खेर जान नदिन कृषि उत्पादन संरक्षणका लागि हरेक पालिकामा शीत भण्डार (कोल्ड स्टोर) तथा कृषि उपज सङ्कलन केन्द्रको व्यवस्था गर्ने र सबै किसिमको कृषिबाली र पशुपंक्षी व्यवसायमा बिमा व्यवस्था लागु गर्ने र बजारमा बिक्री हुन नसकेको व्यावसायिक उत्पादन सरकारद्बारा खरिद गर्न जोड दिइने छ।

प्रत्येक गाउँ पालिकामा स्थानीय कृषि उत्पादनलाई टेवा दिन स्थानीय थोक बजारका लागि जग्गाको व्यवस्था गरी थोक बजार स्थापना गर्ने र शीत भण्डार भवनको निर्माण गर्ने कार्यका साथै कृषि उत्पादनलाई जिल्ला, प्रदेश, केन्द्र स्तरमा पहुँच दिलाउन कृषि सहकारी समूह गठन गरी त्यस्ता समूहमार्फत कृषि उत्पादन खरिद गर्न लगाई निर्यात गराउने व्यवस्था गर्न जोड दिइने छ।

## ३. भूमिको वैज्ञानिक व्यवस्थापन : भूउपयोग नीतिमा परिवर्तन

वैज्ञानिक भूमिसुधार लागु गरी भूमिसँग सम्बन्धित मोहियानी हकलगायतका सम्पूर्ण समस्या कानुनबमोजिम समाधान गर्न पहल गरिने छ।

भूउपयोग नीति, योजना एवं कानुनका आधारमा भूमिको वर्गीकरण तथा उपयोग गर्ने, कृषिभूमि अतिक्रमण गर्न नपाइने व्यवस्था कडाइका साथ लागु गर्न, राष्ट्रव्यापीरूपमा जग्गाको नापी सम्पन्न गरी भूमिको अभिलेख अद्यावधिक गर्न र भूमिसम्बन्धी सम्पूर्ण अभिलेख डिजिटल प्रणालीमा आबद्ध गर्न जोड दिइने छ।

## ४. सिँचाइमा लगानी : कृषियोग्य जमिनमा पानी

आधुनिक सिँचाइ प्रणाली लागु गरी सम्पूर्ण सिँचाइयोग्य कृषिभूमिमा सिँचाइको व्यवस्था गर्न पहल गरिने छ।

तराई/मधेस र भित्री तराईको कृषिभूमि सिँचाइ गर्न तमोर-मोरङ, सुनकोसी-

कमला र सुनकोसी-मरिन-वाग्मती, कालीगण्डकी-तिनाउ, राप्ती-सुराई, भेरी-बबई, पश्चिम सेती-कैलाली-पाण्डुन, शारदा नदी लगायतका डाइभर्सन योजना अगाडि बढाईने छ।

भूमिगत सिँचाइको सम्भावना भएका तराई-मधेस र अन्य स्थानमा स्यालो तथा डिप ट्यूबवेल र पहाडी भूभागमा अवस्थित समथर भूभाग, बेंसी तथा टारमा सौर्य ऊर्जा एवम् अन्य प्रविधिमा आधारित लिफ्ट सिँचाइ कार्यक्रम लागु गर्न जोड गरिने छ। पुराना सिँचाइ प्रणालीलाई मर्मत-सम्भार तथा पुनर्निर्माण गरी पूर्ण क्षमतामा सञ्चालन गर्न पहल गरिने छ।

चुरे तथा महाभारत क्षेत्रबाट बग्ने नदीको मुहानमा बाँध निर्माण गरी बाढी नियन्त्रण, विद्युत् उत्पादन, सिँचाइ तथा माछा पालन कार्यक्रम लाग गर्न पहलु गरिने छ। आकासे पानी सङ्कलन तथा भण्डारण, थोपा तथा फोहोरा सिँचाइ, प्लास्टिक पोखरी र तालतलैया एवं पानीका अन्य स्रोत प्रयोगद्वारा कृषियोग्य जमिनमा सिँचाइ सुविधा उपलब्ध गराउन जोड गरिने छ।

''**नेपालको पानी नेपालमैं**' भन्ने अवधारणालाई सार्थकता दिन नेपालको पूर्वदेखि पश्चिमसम्मका सबै नदिलाई एक अर्कासँग जोडी '**पूर्व-पश्चिम मेघा नहर**' बनाई सिँचाइ, खानेपानी तथा जलमार्गको विकास गर्ने दिर्घकालीन सौँचका साथ राष्ट्रिय गौरवको आयोजना बनाउन पहल गरिने छ।

## ५. राष्ट्रको पहिचान : पर्यटन विकास र संस्कृति संवर्द्धन

नेपाललाई आकर्षक पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न नेपालको बहुजातीय, बहुधार्मिक, बहुसांस्कृतिक, बहुभाषिक विशेषतालाई प्रवर्द्धन गर्दै जैविक, ऐतिहासिक र सांस्कृतिक विविधता एवं प्राकृतिक सौन्दर्यको अध्ययन-अवलोकनका साथै नयाँ गन्तव्यको खोजी कार्यमा जोड दिइने छ।

निकुञ्ज र वन्यजन्तु आरक्षण क्षेत्रहरूमा पर्यापर्यटनको विकास गर्ने तथा पर्यटक आकर्षित गर्ने, पर्वतारोहण, पदयात्रा तथा हिमाल अवलोकनलाई थप आकर्षक र सुरक्षित गर्न जोड दिइने छ।

लुम्बिनी, पशुपतिनाथ, जनकपुरधाम, मुक्तिनाथ, पाथिभारा, हलेसीलगायत ऐतिहासिक, पुरातात्विक महत्वका धार्मिक तथा सांस्कृतिक महत्वमा पर्यटकीय गन्तव्यहरूको संरक्षण एवं विकासमा जोड दिइने छ। मुस्लिमलगायत धार्मिक अल्पसङ्ख्यक समुदायका धार्मिक तथा सांस्कृतिक अधिकारहरूको जगेर्ना र उनीहरूका सांस्कृतिक सम्पदाहरूको सुरक्षामा जोड दिइने छ। लोपोन्मुख जाति

तथा भाषाहरूको संरक्षणका लागि भाषा र संस्कृति संरक्षणको विशेष कार्यक्रम सञ्चालन गर्न पहल गरिने छ।

आन्तरिक तथा बाह्य पर्यटकहरू आकर्षित गरेर आर्थिक गतिविधि बढाउन र रोजगारीका अवसर सृजना गर्नका लागि पर्यटन ग्राम, होम स्टे, पर्यटन सडक, पदमार्ग लगायत पर्यटन पूर्वाधार निर्माण तथा ऐतिहासिक एवं धार्मिक पर्यटनको प्रवर्द्धनमा जोड दिइने छ। दैनिक कम्तीमा ५ लाख बाह्य तथा आन्तरिक पर्यटकलाई सेवा प्रदान गर्न सक्ने गरी आवश्यक पूर्वाधार निर्माण गर्न पहल गरिने छ।

## ६. घरेलु, ग्रामीण, साना तथा मझौला उद्योग : आत्मनिर्भरताको प्रयोग

देशको आन्तरिक उत्पादनविना आत्मनिर्भर अर्थतन्त्रको विकास सम्भव छैन। हाम्रो देशमा तत्काल उत्पादन बढाएर आयात रोक्न सकिने वस्तु कृषि उत्पादनपछि स्थानीय साधन-स्रोत प्रयोग गरेर सुरु गर्न सकिने औद्योगीकरण भनेको घरेलु, साना तथा ग्रामीण उद्योगहरू नै हुन्। घरेलु, साना तथा ग्रामीण उद्योगहरू खोलेर मात्रै हुँदैन, उत्पादित वस्तुहरू विक्रीको प्रत्याभूति पनि हुनुपर्दछ।

'**एक पालिका, एक उद्योग ग्राम**' को व्यवस्था गरी स्थानीय सम्भाव्यताका आधारमा घरेलु, ग्रामीण, साना तथा मझौला उद्योगहरूको स्थापना गरी सञ्चालन गर्नका लागि स्थानीय उद्यमीहरूलाई प्रोत्साहित गर्ने, पराल र उखुका खोइला, थाकल, बाँस, हात्तिबार (केतुकी), अल्लो, गहुँको छ्वालीजस्ता विविध स्थानीय कच्चा वस्तुमा आधारित लत्ताकपडा, कागज, खेलौना, फर्निचर, उपहारका सामानआदि उत्पादन गर्ने उद्योगहरू स्थापना गरी आयात प्रतिस्थापन तथा निर्यात वृद्धिमा सहयोग पुर्‍याउने छ।

घरेलु तथा ग्रामीण उद्योगबाट उत्पादिन माल-सामानको बजारीकरणका लागि आवश्यक व्यवस्था मिलाउने, स्थानीय उत्पादन विक्रिका लागि सुपथ मूल्य पसलहरू स्थापना गर्ने, घरेलु तथा साना ग्रामीण उद्योगहरूको प्रवर्द्धनका लागि क्षमता विकास, व्यवस्थापकीय तालिम, अनुदान सहयोग तथा सामान उत्पादन, विक्री कक्ष एवं प्रदर्शन कक्ष स्थल निर्माणका लागि पहल गरिने छ।

नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, निजामती कर्मचारी, चिकित्सक तथा स्वास्थ्यकर्मी, शिक्षक र विद्यार्थीले प्रयोग गर्ने लत्ताकपडा स्वदेशमै उत्पादन गर्ने र उत्पादन गर्दा सकेसम्म स्वदेशी कच्चा पदार्थ प्रयोग गर्ने, सम्पूर्ण नेपाली जनतालाई स्वदेशमै उत्पादित वस्तुको प्रयोग गर्न प्रोत्साहित गर्ने।

नेपाललाई आवश्यक पर्ने आधारभूत औषधी स्वदेशमै उत्पादन गर्ने कार्यमा जोढ दिइने छ। आयुर्वेदिक औषधी उत्पादनलाई प्राथमिकता दिदैं जडीबुटी सङ्कलन, उत्पादन तथा प्रशोधनका लागि आवश्यक व्यवस्था गरिने छ।

स्थानीय सिप, प्रविधि र कच्चा पदार्थमा आधारित घरेलु तथा साना उद्योग प्रवर्द्धन गर्न राज्यले विशेष नीति लिने छ। औद्योगिक तथा व्यावसायिक क्षेत्रमा उत्पादकत्व वृद्धि गरी आगामी पाँच वर्षमा धेरैजसो उपभोग्य वस्तु तथा सेवाहरूमा आत्मनिर्भरता कायम गर्न पहल गरिने छ। विदेशी सहायतामाथिको निर्भरता क्रमशः घटाउँदै लाने र आफ्नै स्रोत-साधनहरूको प्रयोग गरी आत्मा निर्भर अर्थतन्त्र विकास गर्न पहल गरिने छ। युवाहरूलाई स्वरोजगार बन्ने वातावरण उपलब्ध गराउनका लागि उद्यमशीलता विकासका लागि प्रभावकारी विशेष योजना अगाडि बढाइने छ। युवा उद्यमीहरूलाई प्रोत्साहनस्वरूप राज्यको तर्फबाट बिउ पूँजी प्रदान गर्ने तथा विना धितो राज्यको जमानीमा सहुलियत ऋणको व्यवस्था गर्न पहल गरिने छ।

नागरिकहरूलाई कर तिर्ने बानी बसाल्न व्यापक प्रोत्साहन कार्यक्रम सञ्चालन गरिने छ, कर नतिर्ने, कर छल्ने तथा अधिविजकीकरण र न्यून विजकीरण गर्नेमाथि कडा कानुनी कारबाही गरिने छ, आन्तरिक राजस्वबाट सरकारी खर्चको ८० प्रतिशतभन्दा बढी हिस्सा बेहोर्न सक्ने गरी करको दायरा बढाउने र कर प्रशासनलाई सुदृढ गर्ने कार्यमा जोड दिइने छ।

## ७. एकीकृत योजनाबद्ध भौतिक पूर्वाधार र यातायात

भौतिक पूर्वाधारको एकीकृत योजना नबनाउने, एउटै आयोजनाका लागि वर्षेनी नाम मात्रको बजेट विनियोजन गर्ने, शहरी क्षेत्रमा सडक कालो पत्रे गर्ने पुनः अर्कै परियोजनका लागि पक्की सडक भत्काउने, सडक विस्तारका लागि भवन तथा पर्खाल भत्काउने, एकीकृत योजना निर्णाण तथा कार्यन्वयन नगर्ने प्रवृत्तिले सिमित स्रोत-साधनको पनि व्यापक दुरूपयोग भइरहेको छ। यस्तो अस्तव्यस्तताको अन्त्य गर्न पहल गरिने छ।

स्थानीय तहका टुक्रे योजनामा सङ्घीय र प्रादेशिक सरकारले बजेट पठाउने प्रचलनको अन्त्य गरी राष्ट्रिय महत्वका योजना सङ्घ, प्रादेशिक महत्वका योजना प्रदेश र स्थानीय स्तरका योजना स्थानीय स्तरकै गुरु योजना अनुसारलागु गर्ने व्यवस्था मिलाइने छ।

खरिद ऐनलगायत विकास निर्माण कार्यसँग सम्बन्धित ऐन कानुनहरूमा आवश्यक

संशोधन गर्न पहल गरिने छ। यस क्षेत्रमा भइरहेको अस्वस्थ्य प्रतिस्पर्धा र निर्माण व्यवसायीले कामको ठेक्का लिने तर समयमा काम सम्पन्न नगर्ने, गुणस्तरीय कार्य नगर्नेजस्ता प्रवृत्तिलाई कडाइका साथ नियन्त्रण गर्न पहल गरिने छ। मिलोमतो ठेक्का लिन-दिने कार्यलाई कानूनद्वारा नियन्त्रण गरिने छ।

भौतिक विकासलाई सन्तुलित रूपमा लागु गर्न राष्ट्रिय गौरवका योजना लागि आवश्यक बजेटको व्यवस्था गरिने छ। हरेक मन्त्रालय अन्तर्गतका निर्माणाधीन कार्य सम्पन्न गर्ने कार्यलाई प्रमुख प्राथमिकता दिइने छ। प्राथमिकता प्राप्त योजना निर्माण सम्पन्न गर्न लाग्ने रकम, जिल्लागत विकास परिसूचकाङ्क, सम्बन्धित क्षेत्रको कुल जनसङ्ख्या तथा भौगोलिक क्षेत्रफल आदिलाई आधार बनाई बजेट विनियोजनलाई व्यवस्थित गर्न पहल गरिने छ।

राष्ट्रिय गौरवका योजनालाई समय मै सम्पन्न गर्न, आयोजना निर्माण कुनै किसिमको व्यवधान नहुने कुराको सुनिश्चता प्रदान गर्न सरोकारबाला मन्त्रालयका सहसचिवहरू समावेश गरी एक अधिकारप्राप्त पूर्णकालीन संयन्त्र स्थापना तथा सञ्चालनको कानुन निर्माण गरिने छ। जसलेबाट योजना सम्पन्न गर्न कुनै पनि वाधा अवरोध आएमा सरोकारबाला मन्त्रालयको अधिकार प्रयोग गरी तुरुन्त निर्णय लिन सकिने छ।

मर्मत सम्भार गर्नुपर्ने आयोजना तथा सबै आयोजनालाई एकीकृत रूपमा सञ्चालन गर्न युटिलिटि करिडोरको अवधारणामार्फत कार्यान्वयन गर्ने कानुन गरिने छ। यसबाट सबै काम एउटै संयन्त्रले गर्ने र एक कार्यालयले अर्को कार्यालयको काम भत्काउन बिगार्न र पुनः बनाउन नपर्ने अवस्था सिर्जना हुने छ। समय मै मर्मत सम्भारका काम हुँदा राज्य ठूलो रकम जोगिने छ।

वर्तमानमा रहेको यातायात सिन्डिकेटलाई खारेज गरी यस क्षेत्रमा रहेका तमाम विकृति र विसङ्गति अन्त्य गर्न र सार्वजनिक यातायातलाई सस्तो, शुलभ र प्रतिस्पर्धी बनाउन जोड दिइने छ।

वर्तमानमा लागु गरिएको वार्षिक सवारी करलाई इन्धनको करमा गाभी वार्षिकरूपमा कम चल्ने सवारीधनीलाई राहत दिन तथा वढि चल्ने सवारी धनीलाई करको दायरामा ल्याउन कानुन बनाईने छ। यसबाट सवारी साधनको अनावश्यक प्रयोगमा कमी हुन गै इन्धनको आयातमा पनि कमी हुने छ जसबाट वैदेशिक मुद्रामा बचत हुने छ।

वर्तमानमा सञ्चालनमा रहेको प्रदुर्षण चेक जाँच गर्ने कार्यालय अप्रयाप्त भएकोले

यसलाई प्रयाप्त रूपमा सञ्चालन गरी सहज रूपमा जनतालाई राहत दिने व्यवस्था मिलाईने छ।

सरकारी स्वामित्वमा रहेको तर बिग्रेर बिभिन्न मन्त्रालय, विभाग तथा कार्यालयमा रहेका सवारी साधनलाई मर्मत गरेर सञ्चालन गर्न सकिनेलाई सञ्चालन गर्न तथा सकेसम्म विद्युतीय सवारीमा परिवर्तन गर्न आवश्यक बजेटको व्यवस्था गरिने छ। मर्मत गर्न नसकिनेलाई लिलाम गर्न वर्तमान कानुन तथा नियमलाई सरलिकरण गरी लिलामिको लागि सहज प्रक्रिया बनाई राजस्व बढाउने कार्य गरिने छ।

## ८. सहरी तथा एकीकृत वस्ती विकास, समृद्ध नेपालको आधार

हाल नेपालमा भइरहेको शहरीकरण अत्यन्तै अस्तव्यस्त अवस्थामा छ। हाम्रा प्राय सहरहरूमा न्यूनतम सहरी पूर्वाधारहरू नै छैनन्। सडक, खानेपानी, ढल, विद्युत्, दूरसञ्चार, खुलाक्षेत्रजस्ता आधारभूतपूर्वाधार सहित आवासीय क्षेत्र, पार्क, सार्वजनीक सेवा प्रवाह गर्ने स्थान, स्कुल/कलेज, धार्मिक-सांस्कृतीक तथा पर्यटकीय क्षेत्र, कृषि, व्यवसायिक तथा औद्योगिक क्षेत्र आदि निर्धारण गरिएका आधुनिक सहरहरू निर्माणका लागि स्रोतको कमी र जग्गाको उपलब्धतालाई परिपूर्ती गर्न 'जग्गा एकीकरण परियोजना' लागु गरिने छ। उल्लिखित भौतिक पूर्वाधारहरूको व्यवस्थासहित आफूलाई प्राप्त हुने लाभको अनुपात अनुसार जग्गा योगदान गर्ने र बाँकी जग्गा साविकका जग्गाधनीहरूलाई नै फिर्ता दिने गरी सरकारको शून्य लगानीमा आधुनिक सहर निर्माणका गरिने छ।

प्राकृतिक प्रकोपको जोखिममा रहेका वस्तीहरूलाई सुरक्षित स्थानमा स्थानन्तरण गरिने छ। ग्रामिण क्षेत्रहरूमा सडक, खानेपानी, विद्युत्, दूरसञ्चार, विद्यालय, स्वास्थ्यकेन्द्र, कृषि सेवाकेन्द्र जस्ता न्यूनतम सेवाहरू पुऱ्याउने गरी वस्ती विकास गरिने छ।

## ९. ऊर्जा उत्पादनमा वृद्धि : राष्ट्रको आर्थिक समृद्धि

'**घरघरमा बिजुली–जनजनमा सेयर**' नीति लागु गर्दै आकर्षक प्रतिफल दिने जलविद्युत् परियोजनामा जनता र सरकारको संयुक्त लगानी प्रवर्द्धन गर्ने गरि व्यवस्था मिलाइने छ। यस्ता परियोजनामा लगानी गर्न स्वदेश र प्रवासमा रहेका नेपाली नागरिक तथा गैरआवासीय नेपालीहरूलाई प्रोत्साहित गर्ने र निरपेक्ष गरिबीको रेखामुनि रहेका व्यक्तिहरूलाई पनि सेयर उपलब्ध गराउन विशेष वित्तीय व्यवस्था गर्न पहल गरिने छ। नेपालको पूर्ण क्षमता अनुसारको जलविद्युत् उत्पादन गर्न र उत्पादित विद्युत्को उपयोग तथा व्यपारका लागि सरकारी, सहकारी,

निजी क्षेत्रलाई संलग्न गराइने छ। स्वदेशी लगानीमा निर्माण गर्न समय लाग्ने परियोजनाहरू राष्ट्रियहित अनुकुलहुने गरी अन्तर्राष्ट्रिय समुदायलाई निर्माणको जिम्मा दिने व्यवस्था गर्न पहल गरिने छ।

विद्युत् चुहावट रोक्न र जोखिम न्यून गर्न अत्याधुनिक प्रविधियुक्त सुरक्षित तार उपयोग गर्ने र सहर तथा ग्रामीण क्षेत्रमा प्रयोग हुने सम्पूर्ण विद्युत् प्रसारण लाइन भूमिगत गर्न जोड दिइने छ। ग्रामिण विद्युतीकरणलाई अभियानका रूपमा सञ्चालन गरिने छ। विशेष आर्थिक क्षेत्रहरू तथा उद्योग ग्रामहरूका लागि डेडिकेटेड विद्युत लाइन जडान गरिने छ। आत्मा निर्भर अर्थतन्त्र निर्माण गर्न राष्ट्रिय उद्योगहरूलाई प्रोत्साहन गरी महशुलमा छुट दिने व्यवस्था मिलाइने छ।

तीनै तहको सरकारको सहकार्यमा हरेक घर-परिवारलाई मासिकरूपमा २०० युनिटसम्म विद्युत् महसुलमा छुट दिने तथा गरिबीको रेखामुनि रहेका परिवारलाई विद्युत् लाइन जडान र विजुली उपभोगमा सहुलियत दिन पहल गरिने छ।

## १०. सडक पूर्वाधार : आर्थिक समृद्धिको आधार

राष्ट्रिय, प्रादेशिक र स्थानीय सडक र यातायातका लागि गुरु योजना बनाई लागु गर्ने, योजनाविना जथाभावी सडक बनाई कृषियोग्य जमिन समाप्त गर्ने कामलाई कडाइका साथ निरुत्साहित गर्ने, पालिका केन्द्र तथा जिल्ला सदरमुकाम जोड्ने सडक निर्माण तथा भएका सडकको स्तरोन्नति गर्ने, पालिका केन्द्रदेखि वडा केन्द्रसम्म सहज यातायातका लागि सडक निर्माण तथा स्तरोन्नति गर्ने र सडक निर्माण गर्नु पूर्व सडकका नाममा जग्गाको नक्शा पास गराएरमात्र निर्माण सुरु गर्ने आदि कार्यमा जोड दिइने छ।

काठमाडौँ-तराई द्रुतमार्ग तीन वर्षभित्र निर्माण गर्ने, पूर्व-पश्चिम राजमार्गलाई पाँच वर्षभित्र छ लेनमा स्तरोन्नति गर्ने, मध्यपहाडी पुष्पलाल लोकमार्गलाई चार लेनमा स्तरोन्नति गर्ने र मदन भण्डारी राजमार्ग निर्माण आगामी पाँच वर्षभित्र सम्पन्न गर्ने र कर्णाली, गण्डकी, कोशी कोरिडोर लगायत उत्तर-दक्षिण राजमार्ग तथा तराईका सबै जिल्लामा राजमार्गदेखि नेपाल-भारत सिमानासम्म फराकिला राजमार्ग निर्माण गर्न जोड दिइने छ।

राष्ट्रव्यापी सडक सञ्जाल निर्माण गर्दा आवश्यकताअनुसार उच्च पुल र सुरुङ प्रविधिको व्यापक प्रयोग गर्ने, हुलाकी राजमार्गलाई चार लेनमा स्तरोन्नति गर्ने र ग्रामीण क्षेत्रमा निर्माण गरिएका सडकहरूलाई कृषि सडकमा रूपान्तरण गर्ने कार्यमा जोड दिइने छ। पशुपतिनगर, चुलाचुली, दमक, धरान, चतरा, त्रियुगा,

कमलामाई, हेटौंडा, भरतपुर, देवघाट, रामपुर, रिडी, सन्धिखर्क, प्युठान, रोल्पा, सल्यान, सुर्खेत, अछाम, अमरगढी, पूर्णागिरिसम्म समेट्ने गरी कृषि तथा औद्योगिक करिडोर निर्माणमा जोड दिइने छ। सम्भाव्य स्थानहरूमा जलमार्ग, पदमार्ग, केबुलकार तथा घोडेटो र गोरेटो बाटो निर्माण, विस्तार एवं स्तरोन्नतिका लागि बृहत् परियोजना सञ्चालन गरिने छ।

काठमाडौँ उपत्यकामा भित्री, बाहिरी र बृहतगरी तीनओटा चक्रपथ निर्माण, विस्तार तथा विकास गर्न पहल गरिने छ।

कर्णालीलगायतका दुर्गम र पिछडिएका क्षेत्रका जनतालाई विकासको औसत राष्ट्रिय स्तरसम्म पुऱ्याउन राज्यबाट विशेष सुविधा र सहुलियत उपलब्ध गराउन पहल गरिने छ। खाद्य र आधारभूत स्वास्थ्य सेवाको अधिकारको प्रत्याभूति गरिने छ। स्थानीय समुदायका हित सुनिश्चित गर्दै कर्णाली क्षेत्रमा रहेका प्राकृतिक सम्पदाको विकासमा जोड दिइने छ।

तराई-मधेसमा व्याप्त गरिबी, अभाव र अविकासको समस्यालाई सम्बोधन गर्न विशेष कार्यक्रम लागु गरी गरिबी र पछौटे अवस्था समाप्त गर्न पहल गरिने छ।

## ११. गुणस्तरीय शिक्षा र शैक्षिक पूर्वाधार : राष्ट्र निर्माणको आधार

सामुदायिक वा सरकारी विद्यालयको शिक्षाको स्तर आमरूपमा खस्किएको छ। त्यसैले सामुदायिक (सरकारी) विद्यालयको पठन-पाठनको स्तर सुधारका लागि प्रतिवद्धता व्यक्त गर्दछौँ। संविधानले समाजवाद उन्मुख आर्थिक नीति अवलम्बन गरेको छ। यस व्यवस्थाअनुसार नै शैक्षिक क्षेत्रमा पनि सरकारी, सहकारी र निजी लगानीका शैक्षिक संस्थाहरू सञ्चालन हुन सक्छन् तर सरकारी क्षेत्रले नेतृत्वदायी भूमिका पूरा गर्नुपर्दछ भन्ने मान्यता नै समाजवादी मान्यता हो।

संविधान प्रदत्त शिक्षाको मौलिक हक कार्यान्वयन गर्न सबै तहमा कुल बजेटको २० प्रतिशत शिक्षामा लगानी गर्ने र प्रदेश तथा स्थानीय सरकारहरू साधनस्रोत सम्पन्न नहुञ्जेलका लागि माध्यमिक शिक्षासम्म सङ्घीय सरकारबाट लगानी गर्ने कार्यमा जोड दिइने छ।

माध्यमिक तहसम्मको सम्पूर्ण शिक्षा अनिवार्य र निःशुल्क गर्न पहल गर्ने र शिक्षाको उज्यालोबाट कोही पनि वञ्चित हुनुनपर्ने अवस्था सृजना गर्न पहल गरिने छ। सामुदायिक विद्यालयको पढाइको स्तर निजी स्कुलको भन्दा राम्रो बनाउन पहल गरिने छ। गैरप्राविधिक विषयमा ३० प्रतिशत र व्यावसायिक तथा प्राविधिक विषयमा ७० प्रतिशत जनशक्ति उत्पादन गर्ने गरी शिक्षा नीति परिवर्तन गर्न पहल गरिने छ।

विद्यालय शिक्षाको पुनरावलोकन गर्नका लागि उच्चस्तरीय आयोग गठन गरी तुरुन्तै राष्ट्रिय आवश्यकता अनुरूपको नीति तर्जुमा गरी कार्यान्वयन गर्ने र आधारभूत शिक्षापछि व्यावसायिक र रोजगारीमूलक तालिमलाई सहज गराउन, शिक्षार्थीलाई त्यसतर्फ प्रेरित गर्ने र पाठ्यक्रममा देशको भूगोल, इतिहास र सामाजिक-सांस्कृतिक सद्भाव र गौरवगाथालाई प्राथमिकताका साथ समावेश गर्न दृढ प्रयत्न गरिने छ।

माध्यमिक तहसम्मको शिक्षालाई कुनै पनि तहको सुरु सरकारी सेवाका लागि र उच्च शिक्षालाई राष्ट्रिय आवश्यकता पूरा गर्ने प्रतिभावान् र क्षमतावान् श्रमशक्ति निर्माण गर्न सञ्चालन गर्ने र राष्ट्रलाई आवश्यक पर्ने चिकित्सक, इञ्जिनियर, कृषि विज्ञ, अर्थशास्त्री, सूचना तथा प्रविधि विज्ञ, व्यवस्थापक, समाजशात्री, भूगोल, ईतिहास, भाषा साहित्य तथा संस्कृती विज्ञलगायत दक्ष जनशक्ति उत्पादनमा विशेष ध्यान दिइने छ। सामुदायिक विद्यालयका लागि सुरक्षित भवन, पर्याप्त फर्निचर, पुस्तकालय, शैक्षिक सामग्री, प्रयोगशाला, खानेपानी, शौचालय, छात्रावास, खेल मैदान र खेदकुद सामग्री, सरसफाइ आदिको उचित प्रबन्ध गर्न पहल गरिने छ।

विद्यार्थीहरूले उच्च माध्यमिक तहको शैक्षिकस्तर पूरा गरेपछि मध्यम स्तरको दक्ष नागरिक बन्ने र दश जोड दुई उत्तीर्ण गरेको विद्यार्थी स्वरोजगार हुनसक्ने गरी पाठ् यक्रममा सुधार गर्नका लागि आवश्यक पहल गरिने छ। सिपमूलक, प्राविधिक र व्यावसायिक शिक्षालाई प्राथमिकतामा राखिने छ। दक्ष प्राविधिक जनशक्ति उत्पादनका लागि '**एक जिल्ला, एक बहु प्राविधिक शिक्षालय**', '**एक पालिका, एक प्राविधिक विषय**' को अवधारणाअनुसार प्राविधिक शिक्षामा जोड दिइने छ।

विश्वविद्यालयहरूको पुनःसंरचना गर्नका लागि उच्च स्तरीय आयोग गठन गरी विश्वविद्यालयहरूलाई अनुसन्धानमुखी बनाउन विशेष जोड दिइने छ। विश्वविद्यालयहरूलाई ज्ञान उत्पादन गर्ने थलोका रूपमा विकास गर्दै तिनीहरूलाई अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी बनाउन पहल गरिने छ। उद्योगहरूसँगको सहकार्य, नवप्रवर्तन तथा वैज्ञानिक अनुसन्धानको क्षमतालाई प्राध्यापकहरूको पदोन्नतिको आधार बनाइनेछ। उच्च शिक्षामा अध्ययन, अनुसन्धानमार्फत विज्ञता र विशेषज्ञताको विकास गर्न विशेष ध्यान दिइने छ।

योगमाया आयुर्वेदिक विश्वविद्यालयको कार्यक्षेत्र सातै प्रदेशमा विस्तार गर्ने र प्राविधिक जनशक्ति उत्पादनका लागि अध्ययन अध्यापनका काम अगाडि बढाइने छ।

कानुनमा सुधार गरेर सहकारी अभियानलाई शैक्षिक क्षेत्रमा आकर्षित गर्ने, सहकारीमा रूपान्तरण हुन चाहने निजी लगानीका विद्यालयलाई विशेष सुविधा दिने नीति बनाउन जोड दिइने छ।

कृषि र पशु विज्ञान, इन्जिनियरिङ, सूचना तथा प्रविधि लगायतका विषयहरूमा विद्यार्थीले '**सिक्दै र कमाउदै**' गर्ने प्रणालीको विकास गरिने छ। राष्ट्रलाई आवश्यक पर्ने जनशक्तिको अध्ययन गरी सोही अनुरूप जनशक्ति उत्पादन गर्न उच्च शिक्षाका लागि छात्रवृत्ति प्रदान गरिने छ। त्यसरी नै हरेक क्षेत्रका प्रतिभवान विद्यार्थीहरूलाई अध्ययन अनुसन्धानका लागि प्रोत्साहन गर्दै पुरस्कृतसमेत गर्न पहल गरिने छ।

शिक्षालाई उत्पादन, श्रम एवं स्थानीय अर्थतन्त्र र स्थानीय रोजगारी वृद्धिसँग आबद्ध गर्ने, किशोरी जनचेतना कार्यक्रम, सशक्तीकरणका कार्यक्रम र सेनीटरी प्याड निःशुल्क वितरण गर्ने, गुरुकुल, विहार, गुम्बा, मदरसा, खुला एवं वैकल्पिक शिक्षा कार्यक्रमलाई राष्ट्रिय शिक्षा प्रणालीसँग आबद्ध गर्ने, अपाङ्गता भएका व्यक्तिहरूलाई विशेष शिक्षाको व्यवस्था गर्ने, दुर्गम क्षेत्रका, विपन्न र विद्यालय टाढा भएका विद्यार्थीहरूका निम्ति आवासीय विद्यालयको व्यवस्था गर्ने, प्रारम्भिक बालशिक्षादेखि कक्षा ३ सम्म मातृभाषामा अध्ययन-अध्यापन गराउन आवश्यक प्रबन्ध गर्ने आदि कार्यमा जोड दिइने छ।

राज्यले सार्वजनिक शिक्षामा लगानी तथा क्षमता वृद्धि गर्ने। निजी लगानीमा सञ्चालित विद्यालयहरूलाई नियमन गर्दै दुईखाले शिक्षा प्रणालीमा रहेको विभेद क्रमशः हटाउने तथा संविधानले प्रत्याभूत गरेको अधारभूत शिक्षालाई पूर्ण निःशुल्क गरिने छ। शैक्षिक क्षेत्रलाई राजनीतिक हस्तक्षेपमुक्त गराउन तथा विद्यालय एवं बालबालिकालाई **शान्तिक्षेत्र**का रूपमा स्थापित गर्न विशेष जोड दिइने छ।

## १२. निःशुल्क स्वास्थ्य उपचार : जनताको मौलिक अधिकार

'निःशुल्क स्वास्थ्य उपचार, जनताको मौलिक अधिकार' भन्ने नारालाई कार्यान्वयन गर्न आम जनतालाई आधारभूत स्वास्थ्य उपचार निःशुल्क उपलब्ध गराउन बजेटको पहिलो प्राथमिकतामा स्वास्थ्य सेवालाई राखिने छ।

स्वास्थ्य-उपचारसम्बन्धी स्थानीय ज्ञान-सिपको संरक्षण गर्नुका साथै स्थानीय स्तरमा आधुनिक स्वास्थ्य सेवा पुऱ्याउनु सरकारको प्रमुख कर्तव्य हो। आयुर्वेदिक, एलोपैथिक, होमियोपैथिक, युनानी, अकुपन्चर, आम्ची, प्राकृतिक र परम्परागत

स्वास्थ्य सेवालगायत वैकल्पिक उपचार पद्धतिलाई एकीकृत र समन्वयात्मक रूपमा सेवामा ल्याई उक्त सबै विधाहरूलाई संस्थागत गर्नु आजको आवश्यकता हो। नेपालमा पाइने जीवनबुटी लगायतका जडीबुटी तथा औषधीजन्य पदार्थको संवर्द्धन गरी औषधी उत्पादन गर्न जोड दिइने छ।

प्रत्येक प्रदेश सदरमुकाममा डायोग्नोसिस केन्द्र, ट्रमा सेन्टर, अप्रेसन थिएटर, आइसियु तथा भेन्टिलेटर सेन्टरहरूसहितका सुविधासम्पन्न एक हजार शैयाको अस्पताल प्रत्येक गाउँपालिकाको केन्द्रमा कम्तीमा २५ तथा नगरपालिकाको केन्द्रमा कम्तीमा १०० शैयाका सुविधासम्पन्न अस्पताल स्थापना र सञ्चालन गर्न पहल गरिने छ।

प्रत्येक पालिकामा एमडिजिपीलगायत विशेषज्ञ चिकित्सक सहितको स्वास्थ्य सेवा उपलब्ध गराउन पहल गरिने छ। यसबाट एकातिर दूर-दराजका जनताले पनि घर-आगनमै विशेषज्ञ स्वास्थ्य सेवा पाउने छन् भने अर्कोतिर स्वास्थ्य क्षेत्रको जनशक्ति विदेश पलायन हुनबाट रोकिने छ।

सबै नगरपालिका र गाउँपालिकामा अनिवार्य रूपमा एम्बुलेन्स व्यवस्था गरेर बिरामीलाई अस्पताल पुऱ्याउन व्यवस्था गर्ने, विकट गाउँहरूका लागि एयर एम्बुलेन्सको व्यवस्था गर्न र आकस्मिक दुर्घटना, प्राकृतिक प्रकोप र विपद् तथा महामारीबाट हुने घाइते तथा विरामीहरूको उद्धार र सम्पूर्ण उपचार निःशुल्क गराउन पहल गरिने छ।

क्यान्सर, मुटुरोग, मिर्गौला रोग, मधुमेह, उच्च रक्तचाप आदि घातक रोगका औषधी र स्वास्थ्य जाँच निःशुल्क उपलब्ध गराउन र क्यान्सर, मुटु, मृगौला, कलेजोको रोगलगायत जटिल र दीर्घ रोग लागेका बिरामीलाई उपचार र औषधी खर्चवापत मासिक पाँच हजार सहयोग उपलब्ध गराउन पहल गरिने छ।

मुटु, मृगौला, कलेजो, फोक्सो र टाउकोको जटिल शल्यक्रियाहरू सरकारका तर्फबाट गर्ने व्यवस्था मिलाउन र मिर्गौला रोगीका लागि डायलोसिस तथा प्रत्यारोपण सेवा निःशुल्क गर्न पहल गरिने छ।

सबै नागरिकलाई सहजरूपमा अनिवार्य स्वास्थ्य बिमामा आबद्ध गर्ने, गरिबीको रेखामुनि रहेका जनताका लागि बिमा रकमको ५० प्रतिशत रकम सरकारले भुक्तानी गरिदिने, १५ वर्षमुनिका बालबालिका तथा ६५ वर्षमाथिका ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, असहाय र विपन्नलाई निःशुल्क परीक्षण र उपचारको स्वास्थ्य सेवा उपलब्ध गराउन पहल गरिने छ।

मानसिक रोग, डेंगु, चिकनगुनिया, मलेरिया, हेपाटाइटिस, कालाजार, हात्तीपाइले, टिबी, निमोनिया, टाइफाइड, झाडापखाला तथा सिक्कलसेल एनिमियाजस्ता रोगको प्रभावकारी रोकथाम एवं नियन्त्रण गर्ने र एच.आई.भी., टी.भी., मलेरिया एवम् कोभिड-१९जस्ता सङ्क्रामक रोगबाट सङ्क्रमित तथा प्रभावितहरूको उपचार एवं यौन तथा प्रजनन स्वास्थ्यमा विशेष ध्यान दिइने छ।

व्यायाम, योग र मनोरञ्जनलाई जीवनशैलीको अङ्ग बनाउने, स्वास्थ्यसम्बन्धी खोज एवं अनुसन्धानलाई प्रोत्साहन दिने, स्वास्थ्य शिक्षालाई नाफा कमाउने माध्यम बनाउन निरुत्साहित गर्ने र स्वास्थ्य स्वयंसेविका तथा ग्रामीण स्वास्थ्य कार्यकर्तालाई आवश्यक तालिमको व्यवस्थाका साथै प्रोत्साहन भत्ता वृद्धि गर्ने व्यवस्था मिलाउन पहल गरिने छ।

अस्पताल लगायत स्वास्थ्य संस्थाहरूको स्तरोन्नति, साधन स्रोत र जनशक्तियुक्त बनाउन, सरकारी अस्पतालमा काम गर्ने चिकित्सक तथा स्वास्थ्यकर्मीहरूलाई विशेष सुविधा दिई राजधानी बाहिर तथा दुर्गम क्षेत्रमा जानका लागि विशेष प्रोत्साहन दिन र सरकारी अस्पतालमा कार्यरत चिकित्सक, नर्स र अन्य स्वास्थ्यकर्मीहरूले निजी क्षेत्रमा काम गर्न नपाउने व्यवस्था कडाइका साथ लागु गर्न पहल गरिने छ। सरकारी अस्पतालका कार्यरत स्वास्थ्यकर्मीहरूलाई योगदानका आधारमा अध्ययनका लागि छात्रवृत्ति प्रदान गर्ने तथा वृत्तिविकास लागि विशेष प्राथमिकता प्रदान गरिने छ। एक हजार क्षमता भएका जिल्ला, प्रादेशिक तथा केन्द्रीय अस्पतालहरूलाई स्टाप नर्स, हेल्थ एसिस्टेन्ट, फार्मेसी, ल्याव टेक्निसियन जस्ता विषयहरू अध्ययन गराउन दिने गरी क्रमशः अनुमती प्रदान गरिने छ।

## १३. निःशुल्क खानेपानी : सुखी जिन्दगानी

मानिसका लागि हावापछि पानी नै जीवन हो। यस तथ्यलाई मनन गरी खानेपानीको सुविधा पुगेका पालिकाका हरेक घरपरिवारलाई मासिक दसहजार लिटर पानी निःशुल्क रूपमा उपलब्ध गराउन र खानेपानी नपुगेका स्थानमा खानेपानीको सुविधा अनिवार्य रूपमा पुऱ्याउन जोड दिइने छ।

'**एक घर एक धारा, स्वच्छ खानेपानी हाम्रो अभिभारा**' भन्ने नाराका साथ हरेक घरपरिवारमा स्वच्छ खानेपानी पुऱ्याउने काम सरकारको उच्च प्राथमिकता हुने छ। सोहीअनुसार बजेटको प्राथमिकता निर्धारण गर्ने पहल गरिने छ।

खानेपानी र सरसफाइजस्तो जनताको आधारभूत आवश्यकता पूरा गर्न '**स्वस्थताका**

**लागि पूर्ण सरसफाई अभियान**' सञ्चालन गरिने छ।

१४. **स्वस्थ जीवनको आधार : खेलकुदका पूर्वाधार**

'**स्वास्थ्यका लागि खेलकुद, राष्ट्रिय पहिचानका लागि खेलकुद**' भन्ने उद्घोषका साथ बालबालिका तथा युवाहरूको शारीरिक र मानसिक विकासका लागि खेलकुद क्षेत्रको विकासमा जोड दिइनेछ। खेलकुदमार्फत नागरिकहरूको शारीरिक र मानसिक स्वास्थ्य, सामूहिक भावनाको विकास र अनुशासित तथा मर्यादित जीवनयापन गर्न सिकाइने छ।

राष्ट्रको पहिचान, सम्मान र गरिमा अभिवृद्धि गर्ने गरी खेल क्षेत्रको विकासमा जोड दिइने छ। खेलाडीहरूलाई प्रोत्साहित गर्नका लागि राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरका खेलमा पदक प्राप्त गर्नेहरूलाई पदकको स्तरअनुसार निश्चित रकम पुरस्कारसहित कदरपत्र प्रदान गरी सम्मानित गरिने छ।

बालबालिका तथा युवाहरूको सहज पहुँचमा हरेक वार्डमा साना खेल मैदान, योग केन्द्र, युवा क्लब तथा विचरण पार्कहरू, हरेक पालिकामा फुटबल, क्रिकेट लगायतका रङ्गशाला र ठुला खेल मैदान निर्माण गरी बालबालिका तथा युवाहरूको स्वास्थ्य सुगठनमा विशेष ध्यान दिइने छ।

प्राथमिक तहदेखि महाविद्यालयमा अध्ययनरत विद्यार्थीहरूलाई खेलकुदमा भाग लिन अनिवार्य गर्ने, सबै तहका विद्यालयहरूमा इन्डोर तथा आउटडोर खेलकुद कार्यक्रम सञ्चालन गर्ने र राजधानीमा खेलकुद विश्वविद्यालय तथा प्रदेश सदरमुकामहरूमा खेलकुदसम्बन्धी आवासीय विद्यालय सञ्चालन गर्ने व्यवस्था मिलाउन पहल गरिने छ।

१५. **विज्ञान–प्रविधि र आविष्कार : आर्थिक–सामाजिक रूपान्तरणको मूल आधार**

देशको आन्तरिक उत्पादन बढाएर मात्रै गरिबी, अभाव, बेरोजगारीजस्ता अर्थतन्त्रका प्रमुख समस्या समाधान गर्न सकिन्छ। उत्पादन वृद्धिका साथै जनताका आधारभूत सेवा-प्रवाहलाई द्रुत बनाउन तथा हरेक क्षेत्रमा देखापरेका ढिलासुस्ती र लापरवाही नियन्त्रणका लागि विज्ञान तथा प्रविधिको अधिकतम प्रयोग गरिनुपर्दछ र हरेक क्षेत्रमा आविष्कार तथा नवप्रवर्तनलाई प्रोत्साहित गरिनु पर्दछ भन्ने विषयमा हाम्रो पार्टी स्पष्ट एवं दृढ छ। विज्ञान तथा प्रविधिसम्बन्धी नीति तय गर्दा 'राष्ट्रिय विज्ञान प्रविधि तथा नवप्रवर्तन नीति २०७६' र 'राष्ट्रिय शिक्षानीति २०७६' लाई समेत ध्यान दिइने छ।

उत्पादन, वितरण, उपभोक्ता हित संरक्षण, विनिमय, राजस्व सङ्कलन, सुशासन, भूउपयोग र भूमि व्यवस्थापन, कृषिको आधुनिकीकरण र कृषि उपज बिक्रीको प्रत्याभूति, औद्योगीकरण, शिक्षा तथा स्वास्थ्यका क्षेत्रमा जनतालाई आधारभूत सेवा निःशुल्क उपलब्ध गराउने विषय, स्थानीय प्रविधिको पुनः प्रवर्तन, स्थानीय उत्पादनको ब्रान्डिङ र अन्तर्राष्ट्रिय स्तरमा बजारीकरण, हरेक तहका बजेटको समुचित उपयोग जस्ता अर्थतन्त्रका आधारभूत विषयमा आवश्यक सफलताका लागि विज्ञान र प्रविधिको उच्चत्तम प्रयोग गरिनुपर्दछ।

बजेट निर्माण गर्दा अनुसन्धान र विकासमा हरेक तहका सरकारको कुल बजेटको कम्तीमा पनि १ प्रतिशत रकम छुट्याउने, सबैखाले वित्तीय र व्यावसायिक निकायहरूको कर्पोरेट सामाजिक उत्तरदायित्व (CSR) मा वैज्ञानिक अनुसन्धानलाई अनिवार्य गर्ने, विभिन्न स्रोतबाट रकम जुटाई 'राष्ट्रिय अनुसन्धान कोष' स्थापना गर्ने र अनुसन्धानमा खर्च गरिने सम्पूर्ण बजेट प्रतिस्पर्धात्मक विधि तथा एकद्वार प्रणालीबाट मात्र खर्च गर्ने व्यवस्था मिलाइने छ। अनुसन्धानमा सरकारी निकाय, विश्वविद्यालय र उद्योगबिचको सहकार्यलाई प्रोत्साहन गर्ने र सरकारी निकायले सबै अनुसन्धानात्मक क्रियाकलापहरू प्राथमिकताका साथ विश्वविद्यालयहरूबाट गराउने व्यवस्था मिलाइने छ।

देशभरका सबै सरकारी निकायमा औपचारिक व्यावसायिक ई-मेलको मात्र प्रयोग गर्न र सम्पूर्ण सरकारी निकायका अभिलेखहरू अनिवार्य डीजिटलाइज गरी सुरक्षित राख्ने व्यवस्था मिलाउन पहल गरिने छ।

मेसिन लर्निंग, आर्टिफिसियल इन्टेलिजेन्स, नानो प्रविधिलगायतका नवोदित प्रविधिहरूको प्रवर्धन गर्ने, प्रयोग गर्ने र तत्सम्बधी नियमनको व्यवस्था गर्न पहल गरिने छ। नेपालमा पाइने जडीबुटीहरूबाट असाध्य रोगहरूको उपचार विधि आविष्कार गर्न र बहुमुल्य खनिजहरूका बारेमा अनुसन्धान र विकास गर्न विशेष कोष खडा गरी कार्यक्रम सुरुवात गरिने छ। यसका लागि अन्तर्राष्ट्रिय स्तरको सुविधासम्पन्न 'केन्द्रीय विज्ञान तथा प्रविधि प्रयोगशाला' स्थापना गरी विज्ञान तथा प्रविधि अनुसन्धान गर्ने संस्था तथा व्यक्तिलाई सेवा उपलब्ध गराउन पहल गरिने छ।

नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (नास्ट) लाई पुनःसंरचना गरी युगको आवश्यकता अनुसारको वैज्ञानिक नीति निर्माण र नयाँ युगको संवाहकको रूपमा विकास गर्न र प्रत्येक प्रदेशमा नास्टका एक/एक विशिष्ट प्रयोगशाला एवं स्रोत केन्द्र राख्न पहल गरिने छ। 'विज्ञान, प्रविधि र आविष्कारः आर्थिक सामाजिक

रूपान्तरणको मूल आधार' कार्यक्रमको स्पष्ट मार्गचित्र निर्माण गरिने छ। विभिन्न देशमा उच्च शिक्षा हासिल गरेका र देश फर्केर सेवा गर्न चाहने बैज्ञानिक-प्राविधिकहरूप्रति लक्षित विशेष कार्यक्रम सञ्चालन गरिने छ।

कृषि, पर्यटन, वनपैदावार तथा जडीबुटी, पिउने पानी, फोहोर-मैला व्यवस्थापन, बहुमूल्य खनिज र पर्यटनको क्षेत्रमा रोजगारीमूलक उद्योग स्थापनातिर लक्षित अनुसन्धान र विकासलाई प्रवर्धन गरिने छ। यी सबै क्षेत्रमा नविन प्रविधि विकास तथा हस्तान्तरण र स्मार्ट प्रविधिको उपयोगमा जोड दिइने छ।

युवा वैज्ञानिकहरूका सपनाको प्रवर्धन गरी देश निर्माणमा लगाउनका लागि "हजार कोपिला प्रस्फुटन कार्यकम" सञ्चालन गरिने छ।

## १६. हवाई तथा जलमार्ग

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थललाई विस्तार तथा स्तरोन्नति, निजगढमा अत्याधुनिक अन्तर्राष्ट्रिय विमानस्थल निर्माण, भैरहवा र पोखरा अन्तर्राष्ट्रिय विमानस्थल लगायत सबै आन्तरिक विमानस्थलहरूलाई अत्याधुनिक, व्यवस्थित, सुविधासम्पन्न र सुरक्षित हुने गरी विस्तार तथा आधुनिकीकरण गर्न पहल गरिने छ। विराटनगर, नेपालगन्ज, सुर्खेत तथा धनगढी विमानस्थलहरूलाई अन्तर्राष्ट्रिय विमानस्थलका रूपमा स्तरोन्नति गर्न पहल गरिने छ।

बाह्य र आन्तरिक पर्यटन र मागको प्रक्षेपणका आधारमा नेपाल वायुसेवा निगमका विमानको सङ्ख्या बढाइने छ। निजी क्षेत्रका हवाई सेवा प्रदायकहरूलाई प्रोत्साहन गरिने छ। नेपालका ठूला नदी तथा नहरहरू र तालहरूमा पर्यटक लक्षित साना पानीजहाजहरू सञ्चालन गरिने छ।

भूपरिवेष्ठित मुलुकहरूले समुद्र उपयोग गर्न पाउने अधिकार प्रयोग गरी नेपाली ध्वजावाहक पानीजहाज सञ्चालनका लागि पहल गरिने छ।

## १७. मानव संशाधन विकास

प्रत्येक गाउँपालिका र नगरपालिकामा प्राविधिक तथा व्यावसायिक शिक्षा तालिम परिषद्बाट मान्यताप्राप्त **प्राविधिक शिक्षालय** स्थापना गरी उमेर पुगेका सबै व्यक्तिलाई रुचिअनुसारको प्राविधिक सिपमूलक तालिम लिन पाउने व्यवस्था गर्न पहल गरिने छ। प्राविधिक शिक्षालयहरूलाई माध्यमिक शिक्षा प्राप्त व्यक्तिहरूलाई राष्ट्रिय आवश्यकता अनुरूपका प्राविधिक तथा व्यवसायिक जनशक्ति उत्पादन गर्न प्रयोग गरिने छ र त्यसरी सिप सिकेका व्यक्तिहरूलाई रोजगारीमा प्राथमिकता दिइने छ।

प्रत्येक प्रदेशमा **प्राविधिक तथा व्यावसायिक महाविद्यालय** सञ्चालन गरी उच्चस्तरका दक्ष प्राविधिक र व्यवस्थापक उत्पादन गर्ने, केन्द्रीय स्तरमा राष्ट्रलाई आवश्यक पर्ने वैज्ञानिकहरू उत्पादन गर्न विभिन्न अनुसन्धान केन्द्र स्थापना गर्ने र वैज्ञानिकहरूले प्राप्त गरेको ज्ञानलाई बौद्धिक सम्पत्तिका रूपमा दर्ता गर्न पहल गरिने छ।

विश्व बजारमा प्रतिस्पर्धा गर्न सक्ने दक्ष जनशक्ति उत्पादन तथा विकास गर्दै दिगो तथा सम्मानित रोजगारी सहजीकरणका लागि अन्तर्राष्ट्रिय स्तरका प्राविधिक तालिम तथा रोजगारी उपलव्ध गराउने सस्थाहरूसँग साझेदारी गर्नका लागि नीति निर्माणमा जोड दिइने छ।

सिप विकास तथा तालिम व्यावसायलाई राज्यले उद्योगको रूपमा मान्यता दिई सहुलियत उपलब्ध गराउन पहल गरिने छ। दक्ष जनशक्तिको प्रक्षेपण गरी सिप, पुनः सिप र परिमार्जित सिपका माध्यमबाट आवश्यक योजना बनाई कार्यान्वयन गरी राष्ट्रिय श्रम शक्तिको अवश्यता पूर्ती गरिने छ।

'**एक घर, एक सिप र एक रोजगारी**' को अवधारणा अनुसार सिप विकास, स्वरोजगारी, रोजगारी, उद्यमशीलता र रोजगारदाताहरूको साझा सिप बजार स्थापना गरी स्वदेशमै श्रम शक्तिको उपयोग गर्ने नीति लिइनेछ। वैदेशिक रोजगारीमा जानेहरूले सम्बन्धित विषयमा सिपमूलक तालिम लिएको आधिकारिकता पुष्टि गरेर मात्र जाने व्यवस्था मिलाई सम्मानित रोजगारीको अवस्था निर्माणका साथै आय वृद्धिका लागि पहल गरिने छ।

## १८. युवा शक्ति नै राष्ट्र निर्माणको आधार

युवाहरू नै वास्तविक श्रमशक्तिका स्रोत हुन् र देश निर्माणका आधार स्तम्भ पनि हुन्। यस तथ्यलाई बुझेर प्रत्येक पालिकामा युवा विभाग गठन गरिने छ। पालिकास्तरमा रहेको युवा विभागले आफ्नो भूगोलभित्र रहेका १८ वर्षदेखि ४० वर्षसम्मका युवाहरूको तथ्याङ्क लिने, ती युवाहरूमध्ये बेरोजगारहरूलाई रोजगारी उपलब्ध गराउनका लागि स्वरोजगारका विविध योजना बनाई लागु गर्ने छन्।

'**हाम्रा युवा, हामीसँगै**' भन्ने आह्वानका साथ ऊर्जाशील, दक्ष र बौद्धिक जनशक्तिलाई विदेश पलायन (ब्रेन ड्रेन) हुनबाट रोक्ने र आफ्नै गाउँ सहरमा रोजगारी र स्वरोजगारीका अवसरहरू सृजना गर्ने कुरालाई उच्च प्राथमिकतामा राखिने छ। ऊर्जा, दक्षता, बुद्धि र क्षमता भएको युवा जनशक्तिलाई उत्साहसाथ

देश निर्माणमा लाग्न प्रेरित गरिने छ।

युवाहरूलाई रूपान्तरणका संवाहक र नेतृत्वका साझेदारका रूपमा विकास गरिने छ। सामाजिक, राजनीतिक र आर्थिक क्षेत्रमा जिम्मेवारी सम्हाल्न युवा नेतृत्व विकास गरिने छ। उद्यमशीलता वृद्धि गरी युवालाई स्वरोजगारतर्फ आकर्षित गरिने छ। हिंसा, दुर्व्यसन र अराजक काममा युवालाई दुरूपयोग गर्ने प्रवृत्तिलाई नियन्त्रित गरिने छ।

युवाहरूलाई स्वयंसेवामा उत्प्रेरित गरी राष्ट्र निर्माणमा परिचालन गरिने छ। शिक्षित र दक्ष युवालाई देशभित्रै उच्च पारिश्रमिक आधारित रोजगारी सिर्जना गरिने छ। युवाहरूलाई उत्पादन, उद्यम र रोजगारीमा आवद्ध गर्नका लागि उत्पादनमूलक, उद्यमशीलता र रोजगारमूलक कार्यक्रमहरू सञ्चालन गरिने छ। सिपमूलक तालिम केन्द्रमार्फत युवाहरूलाई सिपमूलक र व्यावसायिक तालिमदिएर स्वरोजगारका अवसरवृद्धि गरिने छ। युवा उद्यमीहरूका लागि सलुभ र सरल कर्जाको व्यवस्था गरिने छ।

## १९. प्राकृतिक सम्पदा र वातावरणको संरक्षण

प्राकृतिक स्रोतमाथि नेपाली जनताको अक्षुण्ण अधिकारको रक्षा गर्ने, समुदायमा आधारित वन व्यवस्थापनलाई प्रोत्साहन दिदै दिगो वन व्यवस्थापनमा आधारित प्रणालीमार्फत वनको उत्पादकत्वमा वृद्धि गरी काठ र अन्य वन पैदावरहरूमा देशलाई आत्मनिर्भर बनाउन पहल गरिने छ। जैविक विविधता र जलाधार क्षेत्रको संरक्षण र संवर्द्धन गरिने छ। प्राकृतिक स्रोतहरूको दिगो व्यवस्थापनका लागि समुदायसँग सहकार्य गरिने छ।

वन्यजन्तु आरक्षण क्षेत्र तथा निकुञ्जहरूलाई प्राकृतिक चिडियाखानाका रूपमा विकास गरिने छ। भौतिक पूर्वाधार निर्माण तथा विकास निर्माणका नाममा वातावरण विनाश गर्ने कार्यलाई दुरुत्साहित गरिने छ। वातावरण संरक्षण, स्रोतको सुरक्षालगायत विषयमा समुचित ध्यान दिइने छ। राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्षण एवं संरक्षण क्षेत्रहरूको दिगो व्यवस्थापनमा ध्यान दिइने छ। कबुलियती एवं निजी वनका कानुनहरूलाई सरलीकरण गरी कबुलियती र निजी वनको प्रवर्धन गर्ने, ती क्षेत्रबाट उत्पादित सेवा तथा वस्तुहरूको सहज बजारीकरणका लागि निजी क्षेत्रसँग सहकार्यको उचित वातावरण सिर्जना गरिने छ। मध्य पहाड, तराई/मधेस र भित्री तराई क्षेत्रहरूमा कृषि वन विस्तारमा आवश्यक सहयोग गर्नुका साथै कृषि वन विकासका लागि किसानहरूलाई सस्तो ब्याजमा आवश्यक ऋण उपलब्ध गराउन पहल गरिने छ।

वनको पहुँचबाहिर रहेका तराई-मधेस लगायत क्षेत्रहरूका समुदायलाई वनको पहुँचभित्र पार्ने तथा वन पैदावरहरूको सहज र सहुलियतपूर्ण पहुँचको व्यवस्था गरिने छ। वनको दिगो व्यवस्थापनमार्फत विपन्न वर्ग, महिला, दलित, तराईवासी/मधेसी र जनजातिका लागि आयआर्जनका अवसर सिर्जना गर्न पहल गरिने छ।

विशेष गरी हिमाली तथा पहाडी क्षेत्रमा जडीबुटी एवं अन्य वन पैदावरहरूमा आधारित उद्योग र तराई-मधेस र भित्री तराई क्षेत्रहहरूमा काठ, फर्निचर, विजुलीका पोलहरू, खेर जाने काठपातलाई प्रयोग गरी शितलहरको समयमा विपन्न नागरिकहरूले प्रयोग गर्न सक्ने ब्रिकेट उत्पादन गर्ने उद्योगहरू, मह, वनस्पति घ्यू तथा तेल, जङ्गली फलफुललाई प्रशोधन गरी जुस उत्पादन उद्योग, हस्तकलाका वस्तुहरू लगायतका उद्योगहरू समुदाय एवं निजी क्षेत्रहरूसँगको सहकार्य र समन्वयमा सञ्चालन गरी रोजगारीका अबसरहरू सिर्जना गरिने छ।

विश्वकै लागि अति आवश्यक स्वच्छ पानीको स्रोत हिमाल तथा हिमतालहरूको संरक्षणका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्रोत तथा साधन परिचालन गर्ने, न्यूनतम ४५ प्रतिशत हरियाली (वन) क्षेत्र सुरक्षित गर्ने, जैविक विविधता तथा पर्यावरण प्रणालीको दिगो संरक्षण गर्ने र जलवायु परिवर्तनका असर कम गर्न नागरिकहरूमा सचेतना तथा क्षमता अभिवृद्धि गर्न अभियान चलाइने छ।

चुरे क्षेत्र संरक्षणका कार्यक्रमहरूलाई प्राथमिकताका साथ लागु गर्ने, त्यहाँ रहेका जोखिमपूर्ण बस्तीहरूलाई वैकल्पिक स्थानमा व्यवस्थापन गर्ने र अव्यवस्थित कृषिलाई संरक्षणमैत्री बनाउन वैकल्पिक प्रविधिको व्यवस्था गर्न पहल गरिने छ। जलवायु परिवर्तनबाट उत्पन्न समस्याहरूको समाधानका लागि अनुकूलन एवं न्यूनीकरण कार्यक्रमहरू सञ्चालन गरिने छ।

जैविक ऊर्जा र प्राङ्गारिक मल उत्पादनका माध्यमबाट फोहोरलाई दिगो व्यवस्थापन गरिने छ। मापदण्डविपरीतका प्लास्टिक झोला र वातावरणमा प्रतिकूल असर पार्ने सामग्रीको प्रयोगलाई निषेध गरिने छ।

जमिनमुनिको जल भण्डार वृद्धि गर्नका लागि उपत्यका र तराई/मधेश क्षेत्रमा रहेका पोखरी, ताल एवं सिमसार क्षेत्रहरूको संरक्षण तथा पुनभरण कार्य गरिने छ। बर्षाको पानी संरक्षणका लागि पोखरी एवं ताल तलैयाहरू निर्माण एवं संवर्द्धनका कार्यक्रम सञ्चालन गरिने छ।

पर्यावरण संरक्षणका लागि नदी खोला नियन्त्रण, पानीको मुहान संरक्षण,

तालतलैया, धार्मिक स्थल संरक्षण, नदी खुला क्षेत्र, सडक, टोल र सार्वजनिक स्थलहरूको सरफाई तथा सहर र गाउँका सार्वजनिक, निजी जग्गा एवं वन जंगलका खाली क्षेत्रहरूमा वृक्षारोपण गर्ने कार्यलाई हरेक वर्ष अभियानका रूपमा सञ्चालन गरिने छ।

नदी उकास कार्यक्रम सञ्चालन गरिने छ र त्यसबाट प्राप्त हुने जमिनको बहुउपयोग गरी विपन्न वर्ग, महिला, दलित, तराईवासी/मधेसी र जनजातिको आयआर्जनका अवसरहरू निर्माण गरिने छ।

विविध प्रकारका विपद्हरू एवं वन डढेलोको प्रभावकारी व्यवस्थापनका लागि आवश्यक नीति तथा कानुन र कार्यक्रमहरूको तर्जुमा गरी तिनको कार्यान्वयन मार्फत धनजनको क्षति न्यूनीकरण गरी वन तथा वातावरण संरक्षण र सन्तुलन कायम गर्न पहल गरिने छ।

## २०. सबैतिर पार्क बनाऔँ : फलफूलका विरुवाले सडक सजाऔँ

हाम्रा सहरहरू अव्यवस्थित मात्र होइन पार्क र हरियालीको अभावमा कुरूप समेत देखिन्छन्। भूमाफियाले कब्जा गरेका कारण ग्रामीण क्षेत्रमा समेत सार्वजनिक जमिन समाप्त हुँदै गएका छन्। युवाहरूले आपसमा भेटघाट, छलफल, अन्तर्क्रिया गर्न होटेल रेस्टुरेन्ट र बालबालिकाहरूले बिदाको दिनमा खेल्नका लागि सडक किनार रोज्नुपर्ने अवस्था छ। पार्कको अभावमा हाम्रा बाल-बच्चाको बालापन र युवाहरूको युवापन खोसिँदै छ। यसले गर्दा एकथरि बच्चाहरू मोबाइल र इन्टरनेटका लतमा (एडिक्ट) लागेका छन् भने स्मार्ट फोन किन्न नसक्ने बालबालिकाहरू कोठामा थुनिएर कुण्ठित हुनुपरेको छ। अध्ययनशील मानिसले एकान्तमा बसेर अध्ययन गर्ने र वनभोज गर्न जाने ठाउँसमेत छैनन्। यो कमी हटाउनका लागि हरेक पालिकामा सबैका लागि पहुँचयुक्त ठुला आकारका पार्क र वार्ड-वार्डमा साना पार्कको निर्माण गर्न पहल गरिने छ।

स्थानीय तहमा पोखरी, पार्क र बाल उद्यान निर्माण गर्ने, सबै वडा र टोलमा बालगृह, ज्येष्ठ नागरिक सेवा केन्द्र र आश्रम, तालिम केन्द्र, खेलकुद मैदान आदिको समुचित व्यवस्था गर्न पहल गरिने छ।

भूमाफियाहरूद्वारा कब्जा गरिएका जमिन फिर्ता लिई अन्य उपलब्ध सार्वजनिक जमिनको अधिकतम सदुपयोग गरी सार्वजनिक पार्क बनाइने छ।

वनजङ्गलको प्राकृतिक स्वरूप यथावत राखी कुनै पनि रुख कटानी नगरी तिनीहरूलाई घुमफिर गर्ने पार्कको रूपमा विकास गरिने छ। सामुदायिक वन

उपभोक्ता समितिहरूलाई सामुदायिक वनमा आवश्यक सुरक्षा प्रवन्धसहित घुमफिर गर्नका लागि '**जंगल यात्रा**' कार्यक्रमहरू सञ्चालन गरेर पर्यटक आकर्षित गर्न आवश्यक सहयोग गरिने छ।

## २१. स्वच्छ, सुन्दर र आधुनिक राजधानी

काठमाडौँ, ललितपुर र भक्तपुर जिल्लाहरूलाई एकीकृत राजधानी सहरका रूपमा विकास गर्न पहल गरिने छ। वाग्मती उपत्यकालाई सुन्दर, स्वस्थ, स्वच्छ तथा पर्यावरणमैत्री ऐतिहासिक सम्पदा सहरका रूपमा विकास गर्न पहल गरिने छ।

'**हरित सहर, राम्रो सहर**' अवधारणा अनुसार राजमार्ग र सहायक मार्गको दायाँ-बायाँ फल-फूलका बिरुवा लगाई सडकको सौन्दर्य बढाउने र तिनको संरक्षण गरी राजधानीलाई हरियाली सहरको रूपमा विकास गर्ने व्यवस्था मिलाउन पहल गरिने छ। '**मेरो सहर, म बनाउछु**' भन्ने उद्घोषका साथ सफा, सुरक्षित र सभ्य सहर बनाउन पहल गरिने छ। कामगर्ने र आराम गर्ने क्षेत्र निर्धारण नहुँदा आवासीय क्षेत्रमा पनि उद्योग व्यवसायहरू सञ्चालन भइरहेको अवस्था छ त्यसलाई व्यवस्थित गर्न व्यवसायिक तथा आवसीय क्षेत्र तोक्न आवश्यक पहल गरिने छ।

ऐतिहासिक, सांस्कृतिक तथा पुरातात्विक सहर तथा वस्तीको संरक्षण गरी पर्यटन प्रवर्धन गरिने छ। ऐतिहासिक तथा पुरातात्विक संरचनालाई भूकम्प प्रतिरोधक बनाई संरक्षित गर्ने, अव्यवस्थित संरचनालाई उचित मुआब्जा दिई अधिग्रहण गर्ने, राजधानीलाई फोहोर, धुलो, हिलो र प्रदूषणमुक्त बनाउने, राजधानीका नदी र तालमा ढल र फोहोर पानी मिसाउन प्रतिबन्ध लगाने, वाग्मती, विष्णुमती, मनोहरा, हनुमन्तेलगायत नदी र खोलाहरू सफा एवं स्वच्छ राख्ने, पशु छाडा छोड्न रोक लगाउने र पेट्रोलियम वाहनहरूलाई विद्युतीय वाहनमा परिणत गर्ने व्यवस्था मिलाउन भरमग्दुर प्रयास गरिने छ।

## २२. फोहर बन्ने छ मोहर : सफा हराभरा गाउँ–सहर

महानगर, उपमहानगर तथा नगरपालिकाहरूमा घरायसी फोहरको व्यवस्थापन जटिल समस्या बन्दै गइरहेको छ। काठमाडौँ उपत्यकाका महानगर तथा नगरपालिकाहरू फोहोर व्यवस्थापनको समस्याले आक्रान्त रहँदै आएका छन्। एकातिर महानगर-नगरहरूले फोहोर व्यवस्थापनका लागि बजेटको ठुलो धनराशी खर्च गर्नुपरेको छ भने अर्कोतिर मल-खादको अभावमा कृषि उत्पादन कम हुँदै गएको छ। रासायनिक मलको बढ्दो प्रयोगका कारणले एकातिर जमिनको प्राकृतिक उर्वरा शक्ति ह्रास हुँदै गएको छ भने अर्कोतिर समयमा रासायनिक मल

पाउन नसक्दा कृषि उत्पादनमा समेत ह्रास आइरहेको छ ।

हरेक घर-परिवारलाई कुहिने र नकुहिने फोहोर छुट्टाछुट्टै सङ्कलन गर्न लगाउने र फोहोर सङ्कलन गर्ने गाडीहरूले सोही अनुसार ढुवानी गरी निश्चित स्थानमा भण्डारण गर्ने व्यवस्था मिलाउने हो भने फोहर व्यवस्थापनको समस्यालाई धेरै हदसम्म हल गर्न सकिन्छ। कुहिने फोहोरलाई खाल्डोमा जम्मा गरेको भरमा अति सामान्य प्रविधिबाट मल बनाउन सकिन्छ। प्लास्टिक फोहोरलाई सफा गरी रिसाइक्लिङ उद्योगहरूलाई बिक्री गर्न सकिन्छ। सिसा तथा फलामका टुक्रा लगायतका फोहोर पनि सम्बन्धित उद्योगहरूलाई विक्री गर्न सकिन्छ। जैविक फोहोरबाट विद्युत् तथा वायोग्यास र प्राङ्गारिक मल उत्पादन गर्न सकिन्छ। जङ्गलमा वनभोज जानेहरूले कुहिने फोहर माटोले पुरेर छाड्ने र नकुहिने फोहर आफै लिएर जानुपर्ने व्यवस्था गरिने छ। प्राकृतिक पर्यटन र पदयात्रामा जानेहरूले फोहर पदमार्गमा नफाली निर्धारित स्थानमा मात्रै फाल्न पाउने व्यवस्था गरिने छ। मापदण्डविपरीतका प्लास्टिक झोला र वातावरणमा प्रतिकूल असर पार्ने सामग्रीको प्रयोगमा रोक लगाइने छ। यी सब कार्यका निम्ति आवश्यक नीति नियम बनाई कार्यान्वयन गराउन पहल गरिने छ।

ठुला सहरहरूमा मानव मल-मूत्रलाई नजिकका नदी नालाहरूमा मिसाउने महाअपराध भइरहेको छ। यसले नदीहरूको सौन्दर्य समाप्त भएको छ, खोला-नाला र नदीहरू दुर्गन्धित ढलमा परिणत भएका छन्। केन्द्रीकृत योजना बनाई नदीनाला, विभिन्न प्राकृतिक स्थलहरू, पोखरी र तीर्थस्थलहरू र त्यहाँसम्म जाने मार्गहरूलाई फोहरमुक्त बनाइने छ।

## २३. संरक्षित पर्यावरण : सुरक्षित सभ्यता र मानव जीवन

पर्यावरण मानिसको जीवनसँग प्रत्यक्ष रूपमा जोडिएको हुन्छ। त्यसकारण पर्यावरण संरक्षण यतिबेलाको एक महत्वपूर्ण विषय बन्न पुगेको छ। हामी पर्यावरण संरक्षणप्रति अत्यन्त संवेदनशील छौं। त्यसका निम्ति सडक लगायतका भौतिक पूर्वाधार विकासका काम गर्दा वातावरणीय प्रभाव मूल्याङ्कन गरेर वातावरण नबिग्रिने तरिकाले गर्ने, विकास निर्माणका काम पर्यावरण मैत्री हुने गरी सञ्चालन गर्ने, पर्यावरण संरक्षणका लागि नदी नियन्त्रण, पानीका मूल संरक्षण, पोखरी निर्माण तथा नदी खोला सफाइका कामहरू योजनावद्ध रूपमा सञ्चालन गर्ने, नदी, खोलाबाट ढुङ्गा, गिटी, बालुवा निकासी गर्दा तोकिए बमोजिम मात्र गर्ने व्यवस्था मिलाईने छ।

जलवायु परिवर्तनबाट उत्पन्न समस्याको समाधान, जलवायु अनुकूलन, दूषित

हावा नियन्त्रण तथा जैविक विविधता संरक्षणका कार्यहरू सञ्चालन गरिने छ।

## २४. पानीका स्रोत संरक्षण र विकास

अन्धाधुन्ध निर्माण भइरहेका सिमेन्टका संरचना, फोहोर विसर्जनका कारणले नदी प्रदूषण, वन विनाश, पृथ्वीको बढ्दै गरेको तापमानका कारणले हिमालहरू पग्लिँदै गरेको अवस्था र भूमिगत जलस्रोतको अत्यधिक दोहनले पानीका प्राकृतिक स्रोतहरू सुक्दै जाने अवस्थाले गर्दा हरियालीले भरिएको हाम्रो देशमा मरुभूमीकरणको खतरा बढ्न थालेको छ। तराईमा भूमिगत पानीको सतह झन् झन् तल जाँदैछ, चापाकल र इनारहरू सुक्दैछन् । पहाडमा रहेका पानीका मूलहरू सुक्दैछन् भने काठमाडौँ उपत्यकामा रहेका ऐतिहासिक ढुङ्गेधाराहरूको अस्तित्व नै सङ्कटमा परेको छ। पृथ्वीको गर्भमा जल पुनर्भरण गर्ने व्यवस्था गरिएमा मात्रै यस्ता समस्याको समाधान हुने छन् ।

पृथ्वीको गर्भमा जल भण्डार बढाउँदै लैजानका लागि उपत्यका र तराईमा रहेका प्राकृतिक पोखरी, ताल र सिमसार क्षेत्रहरूको संरक्षण आवश्यक छ भने पहाडका डाँडाकाँडामा पोखरीहरू बनाएर वर्षाको पानी बगेर खेर जानबाट रोक्न आवश्यक छ। यसो गरिएमा एकातिर पहाडमा भूस्खलन कम हुनेछ भने अर्कोतिर तल्लो क्षेत्रमा पानीका मूल पुनः रसाउँदै जाने, ढुङ्गे धाराबाट पुनः पानी आउन थाल्ने र तराईमा भूमिगत पानीको स्तर माथि आउने छ। त्यसका लागि विशेष योजना बनाएर लागु गराउन पहल गरिने छ।

‘**एक टोल, एक पोखरी**’ को अवधारणा लिई पहाडका डाँडाकाँडामा पोखरीहरू निर्माण गर्न लगाइने छ। यसबाट वन्यजन्तु र चराचुरुंगीहरूलाई पिउने पानी उपलब्ध हुनुका साथै वनजङ्गलमा हरियाली बढ्नेछ। साथै यस्ता पोखरीहरूको पानीलाई वनजङ्गलमा लाग्ने डढेलो नियन्त्रणमा पनि प्रयोग गर्न सकिनेछ।

## २५. गाउँ सहरमा सहकारी : घरघरमा रोजगारी

सहकारीलाई नेपाली अर्थतन्त्रको महत्वपूर्ण हिस्साका रूपमा विकास गर्न नेपालका सबै परिवारहरूलाई सहकारी संस्थामा आबद्ध हुन प्रोत्साहित गर्ने र सहकारी संस्थाहरूको क्षमता विकासमा राज्यले सहयोग गर्ने वातावरण बनाई ‘**गाउँ सहरमा सहकारी, घरघरमा रोजगारी**’ को अवस्था सिर्जना गरिने छ।

सबै साना उत्पादकहरूलाई सहकारी संस्थामा आबद्ध हुन टेवा पुऱ्याइने छ। सहकारीमा आबद्ध जनतालाई प्रोत्साहनस्वरूप अनुदानको व्यवस्था गर्न र बेरोजगार व्यक्तिहरूलाई उत्पादनमूलक सहकारीमा आबद्ध भई स्वरोजगार

व्यवसाय सञ्चालन गर्ने व्यवस्था मिलाउन पहल गरिने छ।

'**एक गाउँ एक सहकारी, एक घर एक रोजगारी**' अभियान अनुसार प्रत्येक गाउँ टोलमा विभिन्न विषयका सहकारी निर्माण गर्न, ती सहकारीको प्रवर्द्धनमा सरकारबाट सहयोग पुऱ्याउन र घरघरमा रोजगारीका अवसर वृद्धि गर्न तथा सबै सहकारीलाई बिमा व्यवस्थामा आबद्ध गर्न पहल गरिने छ।

राजनीतिक पार्टीका कार्यकर्ता र विभिन्न जनवर्गीय सङ्गठनहरूमा आबद्ध व्यक्तिहरूलाई उत्पादन सहकारीमा संलग्न भई राष्ट्रिय अर्थतन्त्रमा योगदान गर्न र आफैंलाई आत्मनिर्भर बनाउन प्रोत्साहन गरिने छ।

## २६. मर्यादित श्रम : सम्मानित श्रमिक

श्रमले नै हामीले उपभोग गर्ने सम्पूर्ण वस्तु उत्पादन गर्दछ। श्रमले नै सम्पूर्ण मूल्यको सिर्जना गर्दछ। त्यसैले मानव समाजको प्रगतिका लागि श्रमको ज्यादै ठुलो भूमिका र महत्व छ। यति धेरै महत्वको श्रम मर्यादित भएन र त्यो श्रम गर्ने श्रमिक सम्मानित भएन भने स्वयम् समाज नै मर्यादित र सम्मानित हुँदैन। त्यसकारण हामी मर्यादित श्रम र सम्मानित श्रमिकको अवस्था निर्माण गर्नुपर्दछ भन्ने पक्षमा छौं।

देशभित्र विभिन्न क्षेत्रमा काम गर्ने श्रमिकहरूको वृत्ति विकास र जीवन स्तर उन्नत पार्नका निम्ति भरमग्दुर प्रयत्न गरिने छ भने बैदेशिक रोजगारीमा जाने युवाहरूका लागि सिपमूलक तालिम प्रशिक्षण दिएर दक्ष वा अर्ध दक्ष जनशक्तिका रूपमा विकास गरिने छ। मुलुकभित्रै आवश्यक रोजगारी सृजना गरी युवाहरूलाई देशमा नै रोजगारी गर्नका लागि आकर्षित गर्ने वातावरण निर्माण गर्न पहल गरिने छ।

श्रमिकहरूले काम गर्ने कारखाना वा संस्थाबाट तोकिएको पारिश्रमिक पाउनुपर्ने, उनीहरूले काम गर्ने स्थान सुरक्षित, सफा र व्यवस्थित हुनुपर्ने, व्यवस्थापन पक्षबाट सम्मानजनक व्यवहार हुनुपर्ने, सामाजिक सुरक्षा कोषमा उनीहरूको रकम जम्मा हुनुपर्नेजस्ता आधारभूत समस्याको समाधान गर्न पहल गरिने छ। ज्याला-मजदुरी गर्ने श्रमिकहरू शोषणमा नपरुन् भन्ने विषयमा ध्यान दिइने छ।

श्रम कानुनहरूको प्रभावकारी कार्यान्वयन गर्दै अनौपचारिक श्रम सम्बन्धलाई औपचारीकरण गर्ने, सम्पूर्ण श्रमिकहरूलाई सामाजिक सुरक्षाको दायरामा ल्याउने, योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रमका माध्यमबाट सबै श्रमिक तथा कर्मचारीहरूलाई स्वास्थ्योपचार, बेरोजगार भत्ता, आश्रित परिवारको हेरचाह, निवृत्तिभरणजस्ता न्यूनतम सामाजिक संरक्षणका सुविधाहरू प्रदान गर्ने व्यवस्था

गर्न पहल गरिने छ। श्रमिकहरूका समस्या समाधानका लागि राष्ट्रिय श्रम आयोग गठन गर्न र सबै जनप्रतिनिधिमूलक निकायमा श्रमिकहरूको प्रतिनिधित्वको व्यवस्था गर्न पहल गरिने छ।

श्रम-सम्परीक्षणका माध्यमबाट श्रमिकका हक-हितको प्रत्याभूति गर्नुका साथै कार्यथलोमा हुने सबै प्रकारका विभेद एवं हिंसालाई अन्त्य गर्ने र समान कामको लागि समान पारिश्रमिकको प्रतिबद्धता लागु गरिने छ। मुक्त कमैया तथा हलिया र हरवाह-चरवाहको पुनःस्थापनाको व्यवस्थित कार्ययोजना सञ्चालन गरिने छ। बलपूर्वक लगाइने श्रम र बालश्रमलाई निर्मूल गरिने छ।

पेसातग हकहितका लागि विभिन्न सरकारी, अर्धसरकारी तथा सङ्गठित निजी क्षेत्रमा कार्यरत कर्मचारीहरूका ट्रेड युनियनहरूसँग आवश्यक समन्वय गरिने छ। कर्मचारीहरूलाई आफ्नो काममा दत्तचित्त भएर लाग्नका लागि प्रोत्साहित गरिने छ।

आफ्नो ज्यानलाई जोखिममा राखेर वैदेशिक रोजगारीमा जाने श्रमिकहरूले पठाएको विप्रेषण (रेमिटेन्स) बाट देशको अर्थतन्त्र धानिएको वर्तमान अवस्थामा हामीले एकातिर देशमै रोजगारीको सिर्जना गरी विदेसिने श्रमिकको सङ्ख्या विनाकुनै दबाब, स्वाभाविक रूपमा कटौति हुने वातावरण सिर्जना गर्नुपर्ने छ भने अर्कोतिर विदेश जाने श्रमिकहरूको सङ्ख्या उल्लेख्य रूपमा कम हुने अवस्था नभएसम्म वैदेशिक रोजगारीमा गएका श्रमिकहरूले पठाउने विप्रेषण आयलाई उत्पादनशील कार्यमा लगानी गर्ने वातावरण निर्माण गर्नुपर्दछ। विदेशबाट कमाएर ल्याएको पैसालाई उपभोगमा मात्रै खर्च नगरी उत्पादनशील काममा लगाउनका लागि विशेष राष्ट्रिय नीति बनाइने छ।

भारतलगायत सबै वैदेशिक रोजगारीमा गएकाहरूको अभिलेख राख्ने र उनीहरूलाई समस्या पर्दा राज्यबाट सहयोग गर्ने व्यवस्था गर्न पहल गरिने छ। केन्द्र, प्रदेश र स्थानीय तहमा **दक्ष श्रमशक्ति आपूर्ति केन्द्र** स्थापना गर्न पहल गरिने छ। वैदेशिक रोजगारीमा भइरहेका विकृतिहरूलाई हटाउन र वैदेशिक रोजगारीलाई सुरक्षित एवं मर्यादित र भरपर्दो बनाउन आवश्यक संयन्त्र बनाईने छ।

## २७. महिलाको हित : हरघर सुरक्षित

महिलामाथिको विभेद र अपमान तथा महिला हिंसा अन्त गर्न र महिलालाई समान अधिकार, सम्मान र अवसरमा प्राथमिकता दिन हामी प्रतिवद्ध छौँ। महिला सशक्तीकरणका विविध योजना अगाडि बढाउने, घरघरमा महिला मैत्री

वातावरण बनाउनका लागि प्रचार-प्रसार तथा अनुगमन गर्ने, हरेक प्रकारले महिला तथा बालिकाहरूमाथि हुने हिँसा रोक्ने कामलाई उच्च प्राथमिकता दिइने छ। महिलामाथि हुने हिंसा, बलात्कार, यौनशोषण र मानव ओसारपसार तथा बेचबिखनजस्ता जघन्य अपराधलाई पूर्णरूपमा नियन्त्रण गरिने छ। यस्तो अपराध कार्यमा लाग्नेलाई हदै सम्मको कानूनी कार्वाही व्यवस्था गरिने छ। हिंसा पीडितहरूलाई राज्यले संरक्षण दिइने छ।

बहुविवाह, बालविवाह, अनमेल विवाहजस्ता सामाजिक कुरीतिलाई पूर्णतः निषेध गर्ने सामाजिक रूपान्तरणका कार्यक्रम लागु गरिने छ। महिलालाई रोजगारीमा विशेष प्राथमिकता दिइने छ। रोजगारमा संलग्न महिलालाई १४ हप्ताको सुत्केरी बिदा दिने तथा गर्भवती महिला र गर्भमा रहेको शिशुको नियमित स्वास्थ्य परीक्षण, उपचार, पोषण र संरक्षणको विशेष व्यवस्था गर्न पहल गरिने छ। एक्काइसौं शताब्दीमा सामाजिक कलङ्कको रूपमा रहेका बोक्सी, छाउपडीलगायतका कुप्रथाहरूको समूल नष्ट गर्ने हाम्रो सङ्कल्पलाई व्यबहारमा उतारिने छ।

जनप्रतिनिधित्व हुने सबै क्षेत्रमा कम्तीमा ३३ प्रतिशत महिला सहभागिता सुनिश्चित गरिने छ। महिलाका संविधानप्रदत्त अधिकार पूर्ण रूपमा कार्यान्वयन गरिने छ। हरेक क्षेत्रमा महिला सहभागिता बढाउँदै लगी ५० प्रतिशत पुऱ्याउन पहल गरिने छ।

## २८. जातीय छुवाछुत मेटाऔँ : मानव मर्यादा कायम गरौँ

मानिस मानिसबिच छुवाछुतको व्यवहार गर्नु मानव मर्यादाविपरीतको कार्य हो। यो एक जघन्य अपराध पनि हो। यसको अन्त्य हुनै पर्दछ। त्यसका निम्ति 'जातीय भेदभाव तथा छुवाछूत (कसुर र सजाय) ऐन २०६८' को प्रभावकारी कार्यान्वयन हुनु पर्दछ। जातीय छुवाछूत मेटाउन विशेष पहल गर्ने व्यक्ति वा संस्थालाई पुरष्कृत गरिनुपर्दछ। अन्तरजातीय विवाह गर्ने जोडीको पूर्ण सुरक्षासहित प्रोत्साहन भत्ताको व्यवस्था गरिनु पर्दछ। दलितहरूको **राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक** समस्यालाई एकीकृत प्रगतिशील आरक्षणको प्याकेज निर्माण गरी कार्यान्वयन गर्न पहल गरिने छ।

'जातीय मुक्तिका लागि सांस्कृतिक रूपान्तरण, वर्गीय मुक्तिका लागि समाजवाद' भन्ने विचारद्वारा आधारभूत वर्ग र दलित समुदायलाई प्रशिक्षित गर्दै सामाजिक चेतना विस्तारको अभियानलाई अझ घनीभूत बनाइने छ। दलित समुदायमा भएको क्रान्तिकारी र श्रमजीवी वर्गीय चरित्रलाई सामाजिक र वर्गीय मुक्तिको अन्तरसम्बन्धको ज्ञानसहित वैचारिक रूपमा स्पष्ट पारिनेछ। उत्पीडित दलित

समुदायका बिचमा उद्यमशीलताका लागि '**एक दलित बस्ती एक सहकारी र एक दलित परिवार एक रोजगारी**' सहित '**नमुना दलित बस्ती विकास कार्यक्रम**' लागु गर्न पहल गरिने छ।

दलित समुदायको वर्गीय आधारको सूचकाङ्क निर्माण गर्दै परिचयपत्रको व्यवस्था गरी राजनीतिक, आर्थिक र सामाजिक विकासका लागि आगामी दशकलाई **दलित अधिकार दशक** घोषणा गरी संविधान कार्यान्वयनमा जोड दिइने छ। समाजमा रहेको जातीय भेदभाव र छुवाछुत मेटाउनका लागि विविध रचनात्मक कार्यक्रम गर्नुका साथै विशेष अभियान सञ्चालन गरिने छ। दलित समुदायका परम्परागत पेसा, कला र सिपको संरक्षण, संवर्द्धन गर्दै तिनको आधुनिकीकरण र व्यवसायीकरण गरिने छ।

## २९. बालबालिका विशेष कार्यक्रम

आजका बालबालिका भविष्यका कर्णधार हुन्। बालबालिकालाई भविष्यका असल नागरिक बनाउनका लागि सानै उमेरदेखि तिनीहरूको शारीरिक र मानसिक विकासमा जोड दिइनुपर्दछ। गर्भवती तथा सुत्केरी महिला र नवजात शिशुका लागि आवश्यक पोषण आहार उपलब्ध गराउन राज्यको तर्फबाट विशेष भत्ताको व्यवस्था गरिने छ।

बालबालिकाको जन्मदर्ता, प्रारम्भिक बाल विकास, शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन, मानसिक तथा प्रजनन स्वास्थ्य तथा सर्वाङ्गीण व्यक्तित्व विकासका निम्ति आवश्यक व्यवस्था गरिने छ। हरेक टोलमा बालबालिका खेल्ने, रमाउने साधनहरूसहितको बाल उद्यान निर्माण गरिने छ।

सडक बालबालिकाहरूको उद्धार गर्ने, उनीहरूलाई आफ्ना अभिभावकसँग भेट गराई परिवारमा पुनःस्थापित गराउने, अभिभावकविहिन बालबालिकाहरूलाई संरक्षण गरी विद्यालय पठाउने लगायतका कामको व्यवस्थित योजना बनाएर लागु गरिने छ। बालबालिकाहरू आफ्ना घर र समाजमा सुरक्षित रहुन् भन्ने उद्देश्यले स्थानीय प्रहरी कार्यालयसँग आवश्यक समन्वय गरी अनुगमनको व्यवस्था गर्न पहल गरिने छ।

बालबालिकालाई ज्यालादारी श्रममा लगाउन पाइने छैन तर तिनीहरूलाई सानैदेखि श्रमप्रति आकर्षित गराउने, हरेकखालको श्रमलाई सम्मान गर्ने, देशभक्ति, परिवार र समाजका बृद्ध-बृद्धाको सम्मान गर्ने लगायतका असल कुरा सिकाउनु पर्दछ। उनीहरूलाई आफ्ना अभिभावकहरूका काममा सक्दो सहयोग गर्नु पर्दछ तथा

आफूले सक्ने घरायसी काम गर्नुपर्दछ भन्ने शिक्षा लगायत असल सामाजिक मूल्य-मान्यताको शिक्षा दिनका लागि सोही अनुसारको नैतिक तथा देशभक्ति शिक्षा दिने विषय पाठ्यक्रममा समावेश गर्नका लागि हामीले आवश्यक पहल गर्ने छौँ ।

आफ्ना अभिभावक गुमाएका र अपाङ्गता भएका बालबालिकाको भरण पोषण, संरक्षण तथा अध्ययनमा सहयोग पुऱ्याउनका लागि प्रत्येक पालिकामा 'बाल संरक्षण कोष' स्थापना गर्न पहल गरिने छ । असहाय बालबालिकालाई निःशुल्क आवासको व्यवस्था गर्न पहल गरिने छ ।

## ३०. ज्येष्ठ नागरिकको रखवारी : नयाँ पुस्ताको जिम्मेवारी

ज्येष्ठ नागरिक समाजका सम्मानित नागरिक हुन् । उनीहरूका अनुभव, सिप, ज्ञानले आजको समाजलाई आलोकित बनाउन सकिन्छ । विभिन्न तहका सरकारहरूले हाम्रा आस्थाका धरोहर ज्येष्ठ नागरिकको सम्मान, सहयोग र सुरक्षामा विशेष ध्यान दिने छन् ।

ज्येष्ठ नागरिकलाई निःशुल्क स्वास्थ्य परीक्षण र उपचार तथा यातायातका साधनहरूमा निःशुल्क सवारीको व्यवस्था गर्न पहल गरिने छ । ज्येष्ठ नागरिकहरूले दिन बिताउने विविध सुविधासहितका '**ज्येष्ठ नागरिक सेवा केन्द्र**'हरू निर्माण गरिने छ । ज्येष्ठ नागरिकका अनुभव, सिप र ज्ञानको संरक्षण गरिने छ । उनीहरूको सिप र ज्ञानका आधारमा काम गर्नका लागि अवसर प्रदान गर्ने र उनीहरूले तयार गरेका सामग्रीहरू सरकारले खरिद गरेर सहयोग गर्ने । ज्येष्ठ नागरिक भत्ता क्रमशः बढाउँदै लगिने छ ।

बृद्ध-बृद्धाहरू आफ्ना परिवारमा सम्मानसाथ बाँच्न पाउन्, उनीहरूसँग बसेका छोरा-बुहारी वा छोरी-जुवाइले हेलाहोचो नगरुन्, उनीहरूले पाउने बृद्धभत्तामाथि इच्छाविपरीत परिवारका अरू सदस्यले हस्तक्षेप नगरुन् भन्ने कुरालाई नियन्त्रण गर्नका लागि हरेक ६/६ महिनामा अनुगमनको व्यवस्था गर्न पहल गरिने छ । विभिन्न राष्ट्रिय दिवस तथा पर्वहरूमा ज्येष्ठ नागरिकहरूलाई सम्मान तथा प्रोत्साहन गरिने छ ।

## ३१. अल्पसङ्ख्यक लैङ्गिक समुदायको मर्यादा : हाम्रो इरादा

समाजमा सबै लैङ्गिक समुदायका मानिसहरूको हकहितको सुरक्षा हुनुपर्दछ भन्ने बारेमा हाम्रो पार्टी सचेत छ । यस कुरालाई मनन गरी तेस्रो लिङ्गी तथा अल्पसङ्ख्यक लैङ्गिक समुदायका मानिसमाथि कुनै प्रकारको हिंसा, हेला-होचो नहोस्

भन्ने कुरामा ध्यान दिइनेछ। उक्त समुदायलाई समान मर्यादा, समान हैसियत र समान अधिकार दिने कुरामा हाम्रो प्रतिवद्धता रहने छ।

## ३२. अपाङ्गतामैत्री संरचना : हाम्रो चाहना

अपाङ्गता भएका मानिसहरूले सहायक सामग्री र प्रविधिको आवश्यक सहयोग पाएमा अपाङ्गता नभएका मानिससरह काम गर्न सक्छन्। यसैले अपाङ्गता भएका मानिसहरूलाई रोजगार वा स्वरोजगार बनाउनका लागि आवश्यक तालिम उपलब्ध गराउनुका साथै व्यवसाय गर्नका लागि निर्व्याजी ऋण प्रदान गर्ने व्यवस्था गर्न पहल गरिने छ।

मानसिक अपाङ्गता भएका मानिस र बालबालिकाको स्याहार-सुसार र संरक्षणका लागि सम्बन्धित परिवारलाई मासिक रूपमा भत्ता दिने व्यवस्था गरिने छ। अपाङ्गता भएका व्यक्तिहरूका लागि संरक्षण, सामाजिक सुरक्षा, शिक्षा तथा सुविधामा विशेष प्राथमिकता दिइने छ।

'**अपाङ्गतामैत्री गाउँ/सहर, हाम्रो रहर**' भन्ने नाराका साथ अपाङ्गतामैत्री संरचना, खासगरी अपाङ्गतामैत्री विद्यालय, कार्यालय एवं सामुदायिक भवन तथा अपाङ्गतामैत्री शौचालय निर्माण गर्न पहल गरिने छ। सबै सहर र गाउँका पूर्वाधारलाई वातावरणमैत्री तथा अपाङ्गतामैत्री बनाइने छ। पैदलयात्रु र साइकल यात्रुका लागि अलग लेन निर्माण गरिने छ।

अपाङ्गताप्रतिको दृष्टिकोणमा सकारात्मक परिवर्तन गरिने छ। शिक्षा, सिप विकास र रोजगारीबाट उनीहरूभित्रको विशेष क्षमतालाई उजागर गर्न विशेष कार्यक्रम सञ्चालन गरिने छ। अपाङ्गता भएका व्यक्तिहरूलाई सामाजिक सुरक्षाको दायरामा ल्याइने छ।

## ३३. भूतपूर्व सैनिक तथा प्रहरीको मान : राष्ट्रिय सुरक्षाको शान

भूतपूर्व सैनिक तथा प्रहरीहरूले आफ्नो जीवनको बहुमूल्य समय देश र नागरिकको सुरक्षामा लगाउनुभएको छ भन्ने कुरालाई हाम्रो पार्टी गम्भीर रूपमा मनन गर्दछ। यस कुरालाई मनन गरी भूतपूर्व सैनिक तथा प्रहरीको हितलाई ध्यानमा राखेर विकास निर्माणको कामको अनुगमन गर्ने, किशोरी तथा महिलाहरूलाई आत्मारक्षाको तालिम दिने, शारीरिक तन्दुरुस्तीका लागि व्यायम सञ्चालन गर्ने, खेलकुद प्रशिक्षक, समुदायको सुरक्षा, स्वयम्सेवा तथा विशेष सेवा लगायतका सेवामा लगाउनका लागि छुट्टै कानूनी व्यवस्था गरिने छ।

भूपू सैनिकहरूका हक, हित र सरोकारका विषयमा समुचित ध्यान दिइने छ। उनीहरूको क्षमता र अनुभवलाई राष्ट्रहितमा अधिकतम सदुपयोग गरिने छ।

## ३४. गरीब तथा विपन्न वर्ग लक्षित कार्यक्रम

अति गरीब नागरिकहरूलाई गरिबीको स्तर मापनसहित वर्गीकृत गरी '**विपन्न परिचयपत्र**' वितरण गर्ने, विपन्नताको परिचयपत्र प्राप्त गरेकाहरूलाई सुलभ मूल्यमा खाद्यान्न उपलब्ध गराउने, रोजगारीका अवसरहरूमा उनीहरूलाई योग्यताबमोजिम पहिलो प्राथमिकता दिने र उनीहरूको आर्थिक उन्नतिका लागि विशेष योजना बनाई लागु गराउन पहल गरिने छ।

गरिबी निवारणको समग्र योजना सफल बनाउन तिनै तहका सरकारहरूका विचमा समन्वयात्मक रूपमा कार्यक्रम अगाडि बढाउन पहल गरिने छ।

## ३५. सामाजिक विकासका लागि साहित्य, कला र संस्कृति

साहित्य, कला र संस्कृति समाजको स्वरूप देखिने ऐना हुन्। समाजको विकाससँगै साहित्य, कला र संस्कृतिको विकास हुन्छ र हुनुपर्दछ। विकास भनेको भौतिक संरचनाको निर्माण मात्रै होइन। मानवीय चेतनाको विकासले नै सही प्रकारको भौतिक विकासलाई निर्देशित गर्नसक्छ भन्ने भावनाका साथ सामाजिक विकास र रूपान्तरणको कामलाई महत्वका साथ अगि बढाइनु पर्दछ।

समाजमा पठन-पाठनको संस्कार र प्रवृत्ति बढाउनका लागि हरेक वर्ष पुस्तक मेलाको आयोजना गर्ने, यस्ता मेला आयोजनाका लागि सरकारले प्रदर्शनीस्थल उपलब्ध गराउने, पुस्तक मेला र साहित्यिक कार्यक्रमलाई समन्वयात्मक ढङ्गले अगाडि बढाउने र प्रत्येक प्रदेशमा कला, साहित्य र संस्कृतिको विकास र विज्ञान, प्रविधि र अन्वेषणसम्बन्धी प्रतिष्ठान स्थापना गर्न पहल गरिने छ।

हाम्रा मौलक कला, साहित्य, संस्कृति, लोक-दोहरी, गीत-सङ्गीत र चलचित्रको संरक्षण एवं प्रवर्द्धन गर्न र विद्वान, वैज्ञानिक, विशेषज्ञ, कलाकार, साहित्यकार, संस्कृतिविदलगायत राष्ट्रका प्रतिभाहरूको सम्मानसहित उनीहरूको प्रतिभालाई राष्ट्र निर्माणमा सदुपयोग गर्न पहल गरिने छ।

सांस्कृतिक चेतना बढाउने लेखक, कवि, चलचित्रकर्मी, सञ्चारकर्मी, चित्रकार, मूर्तिकार, गीतकार, नर्तक-नृत्याङ्गनालगायत विविध विधाका कलाकारहरूलाई पुरस्कृत गरी प्रोत्साहित गर्नका लागि आवश्यक पहल गरिने छ।

**'विविधता र बहुलता, नेपालको सम्पदा : सामाजिक सद्भाव र राष्ट्रिय एकता'**

नीतिका आधारमा सामाजिक सद्भाव र राष्ट्रिय एकतालाई सुदृढ गर्न विशेष अभियान सञ्चालन गरिने छ। कलाकार, संस्कृतिकर्मी, स्रष्टा, सबै धार्मिक क्षेत्रका अगुवा र समाजसेवीहरूलाई उत्प्रेरित गरिने छ। भाषा, संस्कृति, परम्परा र पुख्र्यौली सिपको संरक्षणका लागि राज्यबाट विशेष कार्यक्रम सञ्चालन गराउन पहल गरिने छ।

## ३६. भ्रष्टाचारमुक्त सरकार : आर्थिक सम्पन्नताको आधार

भ्रष्टाचार हाम्रो समग्र अर्थतन्त्रको गम्भीर रोग बनिसकेको छ। हामीले आर्थिक क्षेत्रमा उल्लेख्य प्रगति गर्न नसक्नुको एउटा प्रमुख कारण भ्रष्टाचार हो। भ्रष्टाचारको कारण लक्षित वर्ग, समुदायसम्म विनियोजित रकम नपुग्ने, विकास निर्माणका काम गुणस्तरहीन हुने वा अनावश्यक लागत बढाउनेजस्ता समस्याहरूले जरोगाडेका छन्। हाम्रो पार्टी समग्र नेपाली समाजबाट भ्रष्टाचारलाई निर्मूल गर्ने अभियान सञ्चालन गर्नका लागि दृढ सङ्कल्पित छ। यसको सुरुवात सबै क्षेत्रबाट गरिनुपर्दछ। भड्किलो जीवनशैली भ्रष्टाचारको एक प्रमुख कारक रहेको कुरालाई मनन गर्दै हाम्रा जनप्रतिनिधिले उदाहरणयोग्य सादा जीवन बिताउने कुरामा विशेष ध्यान दिने छन्। हाम्रा जनप्रतिनिधिले आफ्नो घरमा हुने विभिन्न पारिवारिक वा सांस्कृतिक कार्यक्रमको आयोजना गर्दा वा चाडपर्वहरू मनाउँदा सकेसम्म कम खर्चमा सादा ढङ्गले सम्पन्न गर्ने कुरामा विशेष ध्यान दिने छन्।

'**भ्रष्टाचारमुक्त सरकार : भ्रष्टाचाररहित समाज**' को नारासहित भ्रष्टाचार, घुसखोरी, कमिसनखोरी, अनियमितता, सरकारी काममा ढिलासुस्ती आदिमा कडा निगरानी राखिने छ। हाम्रा जनप्रतिनिधिहरूको आर्थिक आचरण शुद्ध हुने छ। कुनै पनि खाले भ्रष्टाचारीलाई कडा कार्बाही गरिने छ।

यसअगि केन्द्रदेखि स्थानीय तहसम्म भएका भ्रष्टाचारका घटनाहरू, विभिन्न घोटाला काण्डहरूको तत्काल छानवीन गरी दोषीहरूलाई कडाभन्दा कडा कार्बाही गर्न/गराउन पहल गरिने छ। भ्रष्टाचारीलाई उन्मुक्ति हुने अवस्थाको अन्त गरी राज्यका कानुन र संयन्त्रहरूलाई सुदृढ र व्यवस्थित गरिने छ। भ्रष्टाचार र अनियमित कार्यलाई कडाइका साथ नियन्त्रण गरिने छ। भ्रष्टाचारविरुद्ध जनचेतना अभियान सञ्चालन गरिने छ।

## ३७. जनसेवा र सुशासनः स्वच्छ र पारदर्शी प्रशासन

कुनै पनि स्तरको सरकारले आफ्नो कार्यक्षेत्रमा सुशासन कायम गर्न सक्यो भने मात्रै घोषित नीति-कार्यक्रम र योजनाले अपेक्षित परिणाम दिन सक्छन्। यस कुरालाई

ध्यानमा राखी जनतालाई सुशासन दिनका लागि विशेष कार्यक्रम अगाडि सारिने छ। स्वच्छता, पारदर्शिता र जवाफदेही प्रणालीलाई सदृढ तुल्याउन विशेष जोड दिइने छ।

कुनै पनि तहमा निर्वाचित हाम्रा जनप्रतिनिधिहरूले निर्वाचित हुनुअगि कुनै कारोवार वा व्यवसाय गरेका रहेछन् र सो व्यवसायको कार्यकारी जिम्मा लिएका रहेछन् भने आफ्नो कार्यकालभरि आफूलाई सो ब्यवसायको कार्यकारी जिम्माबाट अलग भएको घोषणा गर्ने छन् र आफ्नो सम्पूर्ण समय निर्वाचित पदीय जिम्मेवारी पूरा गर्नमा लगाउने छन्। निर्वाचित पदाधिकारीहरूले कार्यकाल सकिएपछि मात्रै आफ्नो व्यवसायको कार्यकारी जिम्मा लिन सक्ने छन्।

विकास निर्माणका कामलाई पारदर्शी, सहज र छरितो बनाउनका लागि सार्वजनिक खरिद ऐन, नियमावली र अन्य ऐन कानुनहरू संशोधन गरिनुको साथै जनमैत्री र विकासमैत्री नयाँ कानुन निर्माण गरिने छ।

'**प्रशासनिक खर्च कटाऔँ, साधारण खर्च घटाऔँ, विकास खर्च बढाऔँ**' भन्ने नाराका साथ फजुल खर्च नियन्त्रण गरी प्रशासनिक खर्च कटाउन, साधारण खर्च कम गर्ने र विकास खर्च (पुँजीगत खर्च) बढाउन पहल गरिने छ। जनतालाई पायक पर्ने स्थानमा **एकीकृत सेवा केन्द्र** स्थापना गरी राज्यबाट जनताले प्राप्त गर्ने सम्पूर्ण सेवा प्रदान गर्ने व्यवस्था गर्न पहल गरिने छ।

सरकारी कार्यालयहरूमा सम्पूर्ण आर्थिक कारोबारलाई नगदविहीन भुक्तानी प्रणालीमा आबद्ध गर्ने, सेवाग्राहीले चाहे अनलाइनमार्फत उजुरी/गुनासोसम्बन्धी निवेदन दिने र सार्वजनिक खरिद र निर्माण सम्बन्धी सम्पूर्ण काम अनलाइनमार्फत गर्ने व्यवस्था मिलाउन पहल गरिने छ।

'**पहिले आउने व्यक्तिको काम पहिले**' भन्ने नीति हरठाउँमा लागु गर्ने, उजुरी ग्रहणयोग्य छ/छैन वा कहाँ पठाउनुपर्छ भन्ने जानकारी उजुरी कर्तालाई सोही दिन दिने र उजुरीमाथिको निर्णय प्रकृति हेरी एक हप्ताभित्र दिने व्यवस्था लागु गर्ने व्यवस्था गर्न पहल गरिने छ।

सेवाग्राहीसँग विनम्र, सभ्य, सम्मानपूर्ण, भेदभावरहित व्यवहार गर्न सबै सेवाप्रदायकलाई अभिप्रेरित गरिने छ। यसो नगर्ने सेवा प्रदायकमाथि कारबाही गर्ने व्यवस्था गर्न पहल गरिने छ। हरेक अभियुक्तले कानुन व्यवसायी राख्न पाउने अधिकारको सुनिश्चितता गरिने छ। गरिब, असहाय तथा पिछडिएका व्यक्तिहरूका लागि निःशुल्क कानुनी परामर्श तथा सहयोगको व्यवस्था गरिने छ।

जनताप्रति उत्तरदायी तथा लोककल्याणकारी राज्य निर्माणको आधार बलियो बनाउँदै लगिने छ। सामाजिक जीवनका सबै क्षेत्रमा लोकतान्त्रिक मूल्य मान्यता र प्रणालीको प्रवर्द्धन गरिने छ। विधिको शासन सुदृढ तुल्याउन पहल गरिने छ। शक्ति पृथकीकरण, नियन्त्रण तथा सन्तुलनका मान्यताहरूलाई कडाइका साथ अवलम्बन गरिने छ।

स्वतन्त्र र मर्यादित न्यायपालिकाको विकास तथा न्यायसेवालाई सहज, स्वच्छ, छरितो र जनमुखी बनाउन आवश्यक कानुनी र संरचनागत सुदृढीकरण गर्न पहल गरिने छ। सबै सरकारी कार्यालयमा विद्युतीय सुशासन प्रणाली प्रारम्भ गर्ने र प्रशासन सेवालाई जनमुखी, राष्ट्रिय हित र जनताप्रति निष्ठावान् र दक्ष बनाउन पहल गरिने छ।

संविधानप्रदत्त मौलिक हक र स्वतन्त्रताको पूर्ण उपभोगको प्रत्याभूति गरिने छ। कर्मचारी प्रशासनलाई सङ्घीय लोकतान्त्रिक गणतन्त्रको मर्म, संविधानको व्यवस्था र समयको मागअनुसार दक्ष, व्यावसायिक, कुशल, सुविधासम्पन्न तथा जनमुखी बनाउन पहल गरिने छ। जनताको सेवाप्रवाहलाई चुस्त, दुरुस्त र स्वच्छ बनाइने छ। सूचना प्रविधिको उच्चतम प्रयोग गरी शासकीय व्यवस्थालाई कुशल, पारदर्शी र सेवाग्राही मैत्री तुल्याउन पहल गरिने छ। सार्वजनिक क्षेत्रमा रहेर सेवा प्रदान गर्ने प्रत्येकलाई आफ्नो जिम्मेवारीप्रति जवाफदेही बनाइने छ। त्यसलाई नै सेवासुविधा तथा वृत्तिविकासका लागि मूल्याङ्कनको प्रमुख आधार मानिने छ।

## ३८. जोखिम व्यवस्थापनसहितको विकास : विपद्मा सहयोगी समाज

आजसम्म भएका धेरैजसो भौतिक विकास निर्माणका कामलाई वैज्ञानिक तरिकाले सम्भावित विपद् र जोखिमका बारेमा संवेदनशील बनाउन सकेको देखिदैन। कतिपय अवस्थामा हाम्रा विकासका क्रियाकलापहरूले झन धेरै विपद्-जोखिम निम्त्याएको देखिन्छ। त्यसैले अबको विकास-निर्माणको काम विज्ञानमा आधारित विपद् जोखिम संवेदनशील विकास अवधारणा अनुसार नै गर्नुपर्छ। यसो हुँदा मात्र विपद संवेदनशील विकास हुने र विपद् उत्थानसिल समाज निर्माण हुने छ।

वि.सं.२०७२ को विनाशकारी भूकम्प तथा विभिन्न समयमा आएको बाढी पहिरो लगायतका विपद्बाट क्षतिग्रस्त संरचनाहरूको पुनर्निर्माणको बाँकी काम एक वर्षभित्र सम्पन्न गराउन पहल गरिने छ।

राष्ट्रिय स्तरमा भूकम्प, बाढी र पहिरोलगायत विपद् व्यवस्थापनका लागि

स्थायी संयन्त्र निर्माण गर्ने, हरेक स्थानीय तहमा विपद् व्यवस्थापन केन्द्र र प्राकृतिक विपत्तिमा राहत प्रदान गर्ने एक कोष स्थापना गर्ने, सङ्घीय राजधानी, प्रदेश राजधानी र स्थानीय तहका केन्द्रमा प्राकृतिक विपत्तिका अवस्थामा चाहिने पूर्वतयारी, खोज र उद्धार तथा राहत सामग्रीको पूर्वभण्डारण तथा प्रतिकार्य योजना बनाउने र विपद् विरुद्धको प्रतिकार्य (खोज, उद्धार र राहत) को तयारीलाई प्रभावकारी बनाइने छ।

कुनै पनि सम्भावित विपद्पछि पीडितहरूलाई उपलब्ध गराउनुपर्ने राहत समयमै उपलब्ध गराउनुका साथै पुनःस्थापना र पुनर्निर्माणलाई भरपर्दो, बलियो र सुरक्षित बनाउने, स्थानीय तहका सबै संरचना प्राकृतिक जोखिमबाट सुरक्षित, विपद्प्रति संवेदनशील बनाउन र प्राकृतिक विपत्तिका बेला उद्धार गर्न सक्ने तालिमप्राप्त स्वयंसेवक शक्ति निर्माण गर्न पहल गरिने छ।

विपद् आइलाग्न सक्ने कुराको आँकलन गरी आवश्यक पूर्व तयारीका लागि '**बहुप्रकोपीय नक्सा**' बनाउन र विपद् सन्निकट असुरक्षित वस्तीहरूको पहिचान गरी सुरक्षित स्थानमा स्थान्तरण गर्नुका साथै **एकीकृत वस्ती विकास**को कार्यक्रम लागु गर्न पहल गरिने छ।

सबै प्रकारका भौतिक विकास-निर्माणका योजना बनाउँदा भूगर्भविदहरू, इञ्जिनियरहरू, पर्यायवरण विज्ञहरू, विपद् व्यवस्थापनका विज्ञहरूको सहयोग लिई आवश्यक अध्ययन गराउने र निजहरूको सिफारिसअनुसार गर्न जोडे दिइने छ।

## ३९. गैरआवासीय नेपालीको लगानी : अर्थतन्त्रको विकास र समृद्धि

गैरआवासीय नेपालीहरूबाट लगानी भित्र्याउनका लागि सङ्घीय सरकारले विशेष महत्वका साथ योजना बनाउने छ। गैरआवासीय नेपालीहरूलाई बडादशैं लगायतका विभिन्न चाडपर्वका बेला आमन्त्रित गर्ने, मातृभूमिमा लगानी गर्नुहोस् भनी प्रेरित गर्ने, विदेशबाट लगानी ल्याउनेहरूलाई सम्मान गर्ने लगायतका विविध कार्यक्रम गरी लगानी भित्र्याउन पहल गरिने छ।

गैरआवासीय नेपालीहरूको ज्ञान, सिप र आर्जनलाई राष्ट्र निर्माणमा लगाउने विभिन्न सहुलियत प्रदान गर्ने नीति लिइने छ। प्रवासी नेपाली नागरिकहरूको श्रमसम्बन्धी हकलगायत अन्य हकको सुरक्षाका लागि प्रभावकारी पहल गरिने छ।

## ४०. विविधतामा एकताको सान : हाम्रो स्थानीय पहिचान

स्थानीय परम्परागत संस्कृति, कला, सिप, भेष-भुषा, भौगोलिक विशेषता, जातीय विशेषता, पर्यटकीय स्थलहरू, उद्योगधन्दा लगायतका स्थानीय पहिचान झल्काउने सङ्ग्रहालय निर्माण गरिने छ। आदिवासी, जनजाति, मधेशी, थारु, मुस्लिम लगायत सबै जातीय तथा धार्मिक समुदायको पहिचानलाई सम्मान गर्दै उनीहरूको हक हित र अधिकारलाई सुनिश्चित गर्न पहल गरिने छ।

## ४१. सूचना प्रविधि प्रयोग र प्रेस स्वतन्त्रता

सूचनाको हकसम्बन्धी ऐनलाई पूर्ण रूपमा लागु गरिने छ। आधुनिक सूचना तथा सञ्चार प्रविधिमा आमजनताको पहुँच स्थापित गरिने छ। विभिन्न सञ्चार माध्यम (पत्र-पत्रिका, अनलाइन, समाचार पोर्टल, एफ.एम. तथा टेलिभिजन आदि) का सञ्चार उद्यमी र सञ्चारकर्मीलाई वार्षिक रूपमा निजको कामको कदर गर्दै कदर पत्र र नगद पुरस्कारद्वारा पुरस्कृत गरिने छ। '**पूर्ण प्रेस स्वतन्त्रतासहितको लोकतन्त्र**' को भावनाअनुसार पूर्ण प्रेस स्वतन्त्रताको अनुभूति दिलाइने छ।

आम सञ्चार माध्यमलाई निष्पक्ष, व्यावसायिक, उत्तरदायी र जिम्मेवार उद्योगका रूपमा विकास गरिने छ। मिडियामा प्रत्यक्ष वा परोक्ष रूपमा विदेशी लगानी निषेध गरिने छ। सार्वजनिक सेवा प्रवाहलाई सूचना प्रविधिमा आबद्ध गरी छिटोछरितो, गुणस्तरीय र पारदर्शी तुल्याउन जोड गरिने छ। सूचना प्रविधिमा नवप्रवर्तनलाई प्रोत्साहन गरिने छ। सामाजिक सञ्जाल र अनलाइन मिडियालाई आमजनताको चेतना अभिवृद्धिका निम्ति सदुपयोग गरिने छ।

सबै विद्यालय, प्रशासनिक भवन, सभाभवन, स्वास्थ्य चौकी, हुलाक कार्यालय र सेवाकेन्द्रमा निःशुल्क इन्टरनेट सुविधा उपलब्ध गराउन पहल गरिने छ। हुलाक सेवालाई आधुनिकीकरण गरी नागरिक सेवा संस्थाका रूपमा विकसित गर्न पहल गरिने छ।

एक सय वाटसम्मका एफएम/सामुदायिक रेडियोलगायत स्थानीय तहबाट प्रकाशित एवं प्रसारित हुने आमसञ्चार माध्यमको दर्ता, स्थापना, सञ्चालन र नवीकरण स्थानीय तहबाटै गरिने छ। स्थानीय सञ्चार माध्यममा लैङ्गिक समानता, श्रमजीवी सञ्चारकर्मीको पेसागत सुरक्षालाई ध्यान दिइने छ। मातृभाषामा प्रसारण हुने रेडियो तथा मातृभाषामा प्रकाशन हुने पत्रपत्रिकालाई अनुदानको व्यवस्था गरिने छ।

## ४२. कब्जा जमिन र सम्पत्तिको खोजी

विभिन्न तरिकाले कब्जा गरिएका जमिनलगायतका सार्वजनिक सम्पत्तिको खोजी गरी सरकारको मातहतमा ल्याइने छ। त्यस्ता सार्वजनिक जमिनहरू पार्क, बगैंचा, खेलमैदान र औद्योगिक ग्राम निर्माणमा प्रयोग गरिने छन् भने सबै सार्वजनिक सम्पत्तिलाई राज्यको मातहतमा राखिने छ।

## ४३. सुकुमबासी समस्या समाधान

तिनै तहका सरकारको समन्वयमा वास्तविक सुकुमवासीको पहिचान गरी तिनीहरूको उचित व्यवस्थापन गर्ने, अव्यवस्थित बसोबासीको उचित व्यवस्थापन गर्ने, घरबारबिहीनका लागि घडेरी उपलब्ध गराउने, भूमिहीन किसानहरूलाई खेतियोग्य जमिन उपलब्ध गराउने र उनीहरूका लागि प्रोत्साहनमुखी कार्यक्रम ल्याउन पहल गरिनेछ।

भूमिसँग जोडिएका सबै समस्याहरूको समाधान गरी भूमिहीन सुकुमबासीहरूलाई योजनावद्ध रूपमा आवश्यक जमिनको व्यवस्था गरिनुका साथै जीविकोपार्जनको व्यवस्था गर्न पहल गरिने छ। जमिन जोत्ने किसानलाई जमिनको स्वामित्व प्रदान गरिने छ।

घरबारविहीन सुकुमबासी, पूर्वकमैया-कमलरी र पूर्वहलिया, लोपोन्मुख जातिका परिवार, मुसहर, चेपाङ, पासी, चमार, डोम, बादी, माझी, राउटे, कुसुन्डालगायतका विपन्न र पछाडि परेका समुदायका परिवारलाई घरबार उपलब्ध गराउन पहल गरिने छ।

## ४४. द्वन्द्वपीडित राहत सहयोग

द्वन्द्वपीडित, घाइते, शहिद परिवार तथा वेपत्ताका परिवारहरूलाई सम्मान तथा आवश्यक राहत सहयोगका कार्यक्रमहरू सञ्चालन गरिने छ। सङ्क्रमणकालीन न्यायको मान्यताका आधारमा सत्यनिरूपण तथा मेलमिलाप आयोग तथा बेपत्ता व्यक्तिसम्बन्धी आयोगका कामलाई यथाशीघ्र सम्पन्न गर्न आवश्यक वातावरण मिलाइने छ। द्वन्द्वपीडित परिवारलाई क्षतिपूर्ति, पुनःस्थापन र परिपूरणको बाँकी काम र द्वन्द्वबाट क्षतिग्रस्त भौतिक संरचनाहरू पुनर्निर्माण गर्ने काम छिटो सम्पन्न गराउन पहल गरिने छ।

## ४५. उपभोक्ता हित संरक्षण

प्रत्येक तहमा उपभोक्ता हित संरक्षणसम्बन्धी निकाय स्थापना गरेर उपभोक्ता

हितलाई प्रभावकारी ढङ्गले कार्यान्वयन गरिने छ। सबै पसलमा मूल्यसूची अनिवार्य गरिनुका साथै मूल्य र गुणस्तरको नियमित अनुगमन गराइने छ। कृत्रिम मूल्यवृद्धि, सिन्डिकेट, गुणस्तरहीनता र भ्रमपूर्ण विज्ञापन, नापतौल ठगीलगायतलाई कडाइका साथ नियन्त्रण गर्न जोड दिइने छ।

यातायातलगायतका क्षेत्रमा विद्यमान सिन्डिकेट र कार्टेलिङ प्रथाको अन्त्य गर्न पहल गरिने छ। स्वस्थ प्रतिस्पर्धालाई प्रोत्साहन गरिने छ। प्रत्येक स्थानीय तहमा खाद्यान्न, औषधी र अत्यावश्यकीय वस्तुको सङ्कटकालीन मौज्दातको विशेष व्यवस्था गरिने छ। त्यसका लागि शीतभण्डार र गोदामघरको व्यवस्था गर्न लगाइने छ।

## ४६. सबल र सक्षम प्रदेश सरकार

प्रदेश सरकारलाई सुदृढ, संविधानप्रदत्त अधिकारको अभ्यास गर्न सक्षम, आधारभूत लोकतन्त्रको नमुना र सङ्घीयताको मर्मअनुरूप विकास गरिने छ। प्रदेश सरकारलाई आत्मनिर्भर, प्रतिस्पर्धी क्षमतायुक्त, विशिष्ट पहिचानयुक्त बनाउन विशेष जोड गरिने छ।

प्राकृतिक स्रोत र साधनहरूको खोजी र उपयोगको कार्ययोजना तयार गर्न तथा व्यवस्थित सहरीकरण एवं एकीकृत वस्ती विकासको गुरुयोजना निर्माण गर्न आवश्यक प्रविधिसहित प्राविधिक जनशक्ति उपलब्ध गराइनेछ। प्रदेशको केन्द्रमा आधुनिक विमानस्थल तथा नगरपालिका/गाउँपालिका केन्द्रमा हेलिप्याड निर्माण गरिने छ।

प्रदेश राजधानीहरूलाई स्मार्ट सिटीको अवधारणाअनुरूप अत्याधुनिक सहरमा विकास गर्न पहल गरिने छ। प्रत्येक प्रदेशमा विशेष आर्थिक क्षेत्र विकास गरिने छ। प्रत्येक प्रदेशमा न्यूनतम एक विश्वविद्यालय र प्राविधिक तथा व्यावसायिक महाविद्यालयहरू सञ्चालन गर्न जोड गरिने छ।

## ४७. लोक कल्याणकारी राज्य : भरपर्दो सामाजिक सुरक्षा

लोककल्याणकारी राज्य र समाजवादको आधारभूत पक्षका रूपमा रहेको सामाजिक सुरक्षा कार्यक्रमलाई सर्वशुलभ तुल्याउँदै लगिने छ। यसका लागि बालबालिका, सक्रिय उमेर र वृद्धावस्थाका सम्पूर्ण नागरिकलाई सर्वसुलभ र योगदानमा आधारित सामाजिक संरक्षणका कार्यक्रमको दायरामा ल्याउन पहल गरिने छ।

आगामी एक वर्षभित्र सम्पूर्ण नागरिकलाई विद्युतीय राष्ट्रिय परिचयपत्र र गरिबीको रेखामुनि रहेका नागरिकलाई थप विशेष परिचयपत्र उपलब्ध गराउन पहल गरिने छ। गरिबीको रेखामुनि रहेका जनताको जीवनस्तर उकास्न रोजगारी तथा व्यवसायमूलक कार्यक्रमहरू सञ्चालन गर्न जोड दिइने छ।

## ४८. सामाजिक सुधार : समानताको आधार

समाजमा रहेका विभेद कुरीतिहरूलाई नहटाई सामाजिक समानता कायम हुन सक्तैन। त्यसैले हामी समाजमा रहेका सबैखाले विभेद र कुरीतिहरूको अन्त्य गर्न चाहन्छौँ। त्यसका निम्ति छुवाछुत, अन्धविश्वास, घरेलु हिंसा, दाइजो, तिलक प्रथा, छाउपडी, बोक्सी प्रथाजस्ता कुसंस्कारविरुद्ध सामाजिक अभियान सञ्चालन गरिने छ। तराई मधेस लगायत विभिन्न स्थानमा व्याप्त कुरीति र अन्धविश्वासको अन्त्य गर्न शिक्षा, चेतना र सशक्तीकरण अभियान चलाइने छ।

आदिवासी-जनजातिहरूको संविधानप्रदत्त अधिकारलाई सुनिश्चित गर्दै आर्थिक, सामाजिक एवम् सांस्कृतिक विकास गर्न उपयुक्त कानुनी व्यवस्था र संरचनाको विकास गरिने छ।

## ४९. सांस्कृतिक रूपान्तरण, सामाजिक सद्भाव र राष्ट्रिय एकता

हाम्रो देश सांस्कृतिक विविधताले भरिपूर्ण छ। हाम्रा मौलिक सांस्कृतिक परम्पराका राम्रा तथा प्रगतिशील पक्षको जगेर्ना हुनु आवश्यक छ। आफ्नो संस्कृतिका राम्रा पक्ष जोगाउन नसक्ने देशले आफ्नो अस्तित्व जोगाउन सक्दैन भन्ने विषयमा हामी स्पष्ट छौँ। आफूभन्दा ठुलालाई सम्मान गर्ने, आफूभन्दा सानालाई मायाँ गर्ने, परिवारका वरिष्ठ तथा बृद्धबृद्धा सदस्यहरूको हेरचाह गर्ने, सामूहिकतामा विश्वास गर्ने, सबै धर्म र संस्कृतिको सम्मान गर्ने, अतिथि सत्कारलाई गौरव ठान्ने, जाति-जनजाति बिचका आपसी सांस्कृतिक आदानप्रदानमा रमाउने, साम्प्रदायिक एकता, मौलिक खानपान र चाड पर्वहरूमा साझापन, सांस्कृतिक प्रगतिलाई स्वीकार गर्ने लगायतका पक्ष हाम्रो संस्कृतिका प्रगतिशील पक्ष हुन्। यिनको संरक्षण र विकास गर्नु आवश्यक छ। यसैगरी जातपातमा आधारित छुवाछुत प्रथा, विभिन्न अन्धविश्वास, बोक्सी हुन्छ भनेर मान्ने परंपराजस्ता कुराहरू हाम्रो संस्कारमा रहेका प्रतिगामी चिज हुन्। यस्ता गलत कुराहरूलाई मिल्काउनै पर्दछ।

हाम्रा असल परम्परा, मौलिक संस्कृति र चालचलनमाथि विदेशी छाडा संस्कृतिले हस्तक्षेप गरिरहेको छ। संविधानले सबै धर्ममा समभाव राख्ने गरी धर्मनिरपेक्षताको व्यवस्था गरेको छ तर अनुचित दबाब र प्रलोभनका आधारमा धर्मपरिवर्तन गराउने,

हाम्रा असल सांस्कृतिक परम्परामाथि आक्रमण गर्ने दुष्प्रयासहरू भइरहेका छन् । हाम्रो पाार्टी नेपाली असल संस्कृतिमाथिको हस्तक्षेप र आक्रमणको वैचारिक तथा सांस्कृतिक प्रतिवाद गर्दछ ।

## ५०. राष्ट्रिय सुरक्षा : राष्ट्रिय हित र स्वाभिमानको रक्षा

राष्ट्रिय एकताको भावना प्रवर्द्धन गरी राष्ट्रिय सुरक्षा निति र यसको कार्यान्वय प्रकृयाको समयानुकुल पुनरावलोकन गरिनेछ। राष्ट्रिय सुरक्षालाई थप सुद्धढ गरी देशमा दिगो शान्ति, राष्ट्रिय स्वाधीनता, सार्वभौमिकता र भौगोलिक अखण्डताको रक्षा, प्राकृतिक सम्पदाको जगेर्ना एवं सामाजिक सद्भाव कायम राख्दै राष्ट्रियएकताको प्रवद्धन र मानवीय सुरक्षा सुनिश्चित हुने गरी राष्ट्रिय सुरक्षा नीति निर्माण गरिने छ। देशमा शान्ति, स्थायित्व र जनाधिकारको रक्षा तथा बहुलतायुक्त नेपालको आन्तरिक एकतालाई सुदृढ गर्दै नेपाली राष्ट्रियताप्रतिको गौरवबोध र राष्ट्रिय एकताको भाव संवर्द्धन गर्न विशेष पहल गरिने छ। राष्ट्रिय हितका सवालमा साझा राष्ट्रिय अवधारणा बनाउन हाम्रो पार्टी विशेष रुपमा अग्रसर हुने छ।

नेपाली सेनालाई साधनस्रोत सम्पन्न, थप आधुनिक र अझ दक्ष बनाउने, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, राष्ट्रिय अनुसन्धान विभागलाई आधुनिक, पर्याप्त स्रोतसाधन सम्पन्न र दक्ष बनाउने र प्रदेश प्रहरी यथाशीघ्र प्रदेशमा हस्तान्तरण गरेर प्रदेशको मर्यादा बढाउनुका साथै प्रदेश सुरक्षालाई व्यवस्थित गर्ने कार्यमा विशेष जोड लगाइने छ।

राष्ट्रिय एकता र भौगोलिक अखण्डतामा आँच पुऱ्याउने विभाजनकारी र विखण्डनकारी क्रियाकलापलाई निरुत्साहित र नियन्त्रण गरिने छ।

## ५१. सीमा सुरक्षा र आवागमन व्यवस्थापन

मित्र राष्ट्रसँगको सीमा समस्या समाधान गर्न र अतिक्रमित नेपाली भूभाग फिर्ता लिन उच्च प्राथमिकतासहित कुटनीतिक पहल गर्न दवाव दिइने छ। नेपालको अर्न्तराष्ट्रिय सिमानालाई अर्न्तराष्ट्रिय कानून र स्थापित मूल्य मान्यता अनुरुप नियमित गर्ने, देशका सिमाना दशगजा क्षेत्रलाई व्यवस्थित गरी राष्ट्रिय सुरक्षा संवेदनशीलतालाई ध्यान दिदैँ देशबाट बाहिरिने र देशमाभित्रिने मानिसहरूको व्यवस्थित रेकर्ड राखिने छ। हाम्रो खुला सिमानालाई यसरी व्यवस्थित गर्न सक्दा मानव बेचबिखन तथा ओसार-पसार र अन्य अपराधहरू नियन्त्रण गर्न पनि सहज हुने छ। यस मामिलामा सम्बन्धित पक्षसँग वार्ता गरी समस्या समाधान गर्न पहल गरिने छ।

## ५२. नागरिकता समस्याको दीर्घकालीन समाधान

नेपाली नागरिकका सन्तान तथा वास्तविक नेपालीहरूले सहजतापूर्वक नागरिकता पाउनुपर्दछ भन्ने विषयमा हाम्रो स्पष्ट धारणा रहेको छ। ठोस कानुन निर्माण गरी वैवाहिक अङ्गीकृत लगायतका नागरिकता सम्बन्धी समस्या समाधान गर्न हाम्रो पार्टी प्रतिवद्ध छ। लामो समयदेखि नेपालमा बसोबासका साथै पेसा व्यवसाय गरेर बसेका व्यक्तिहरूलाई व्यवसायमा लगानी गर्न व्यवसायिक तथा आवासीय जग्गा खरिद गर्ने लगायतकाममा सहजता प्रदान गर्ने गरी कानून निर्माण गर्न पहल गरिने छ।

## ५३. वैदेशिक लगानीका लागि सहज वातावरण

नेपालमा वैदेशिक लगानीको पर्याप्त सम्भावना छ तर झन्झटिलो कानुनी प्रक्रिया तथा कर्मचारीतन्त्रको असहयोगका कारण आशा गरेअनुसार लगानी आइरहेको छैन। लगानी गर्न चाहने विदेशीहरूको नेपालबारेको यस्तै बुझाइ रहेको छ। यस्तो अवस्थाको अन्त्य हुनु आवश्यक छ। मुलुकको राष्ट्रिय हित र आवश्यकता अनुरुप विदेशी लगानीलाई प्रोत्साहित गरिने छ। यस्ता लगानीलाई झन्झटरहित सरल कानुनी र प्रशासनिक प्रकृयाबाट लगानीमैत्री वातावरण सृजना गरिने छ।

कुनै विदेशी नागरिकले यहाँको कानुनबमोजिम नेपालमा लगानी गर्न चाहेमा न्यूनतम ५० करोड लगानी गर्न सक्ने भए 'विदेशी लगानीकर्ता परिचयपत्र' उपलब्ध गराउने र यस्तो सुविधा प्राप्त गर्ने विदेशी नागरिकले कमाएको मुनाफा फिर्ता लैजान पाउने स्पष्ट कानुनी व्यवस्था गरी विदेशी लगानीलाई प्रोत्साहित गरिने छ। यसरी नेपालमा उत्पादनशील उद्योगमा लगानी गरेको विदेशी नागरिकले कानुनबमोजिम सम्पत्ति खरिद-बिक्री गर्नसमेत पाउने छन्।

## ५४. स्वतन्त्र, असंलग्न र सन्तुलित अन्तर्राष्ट्रिय सम्बन्ध

विश्वशान्ति, मानवता, सद्भाव र मैत्रीपूर्ण सम्बन्धलाई विस्तार गर्दै नेपालको विकास र नेपाली जनताको समृद्धिमा योगदान पुऱ्याउने गरी अन्तर्राष्ट्रिय सम्बन्ध र परराष्ट्र नीतिलाई व्यवस्थित गर्न पहल गरिने छ। छिमेकी राष्ट्रसहितका मित्रराष्ट्रहरूसँगको आपसी सम्बन्धलाई मजबुद बनाउँदै आर्थिक कूटनीतिमा विशेष जोड दिइने छ।

राष्ट्रिय हित, स्वाधीनता र सार्वभौमसत्ताको रक्षा गर्दै छिमेकी एवं सबै मित्रराष्ट्रहरूसँग पञ्चशील र असंलग्नताका सिद्धान्त र संयुक्त राष्ट्रसङ्घको बडापत्रअनुरूप सुमधुर सम्बन्ध कायम गरिने छ। स्वतन्त्र परराष्ट्र नीति अवलम्बन

गर्दै आन्तरिक मामिलामा बाह्य हस्तक्षेपलाई अस्वीकार गरिने छ। दलाली र आत्मसमर्पणवादी मान्यतालाई निरुत्साहित गरिने छ।

भारतसँग गरिएको सन् १९५० को सन्धिलगायत सबै असमान सन्धि र सम्झौताको पुनरावलोकन गरी राष्ट्रिय हित र आवश्यकताअनुरूप प्रतिस्थापन गर्न पहल गरिने छ। सीमा समस्याको समाधान र सीमा-नाकाहरूको व्यवस्थापनका लागि कूटनीतिक पहल गरिने छ।

## हामीलाई नै मत किन ?

**आदरणीय जनसमुदाय,**

आज हाम्रो देश इतिहासको एउटा महत्वपूर्ण मोडमा उभिएको छ। देशका कम्युनिष्ट र प्रजातान्त्रिक शक्तिको संयुक्त नेतृत्व र आम नेपाली जनताको सहभागितामा भएको शान्तिपूर्ण जनक्रान्तिद्वारा निरङ्कुश सामन्ती राजतन्त्रको अन्त्य भई सङ्घीयता, समानुपातिक समावेशिता र धर्मनिरपेक्षताजस्ता विशेषतासहितको लोकतान्त्रिक गणतन्त्र स्थापना भएको हो। यस सङ्घीय लोकतान्त्रिक गणतन्त्रको रक्षा र स्थायित्व आजको मुख्य सवाल बनेको छ। हामी विगतदेखि नै लोकतन्त्र, राष्ट्रियता र जनजीविकाका निम्ति भएका आन्दोलनको अग्रमोर्चामा रहेर सङ्घर्ष गर्दै आएका छौँ। अहिले पनि हामी लोकतन्त्रको रक्षा, राष्ट्रिय स्वाधिनताको संवर्धन, जनताको समृद्धि, सामाजिक न्याय, समानता, सामाजिक सद्भाव तथा शान्ति, स्थायित्व र विकासका सवाललाई लिएर अग्रपङ्क्तिमा रहेर पहल गरिरहेका छौँ।

हामी संविधानले व्यवस्था गरेको तीन खम्बे अर्थनीतिलाई अगाडि बढाउँदै समाजवादका आधार निर्माण गर्न चाहन्छौँ। हामीले माथि चर्चा गरेका नीति, कार्यक्रम र कार्ययोजना कार्यान्वयनका लागि जनताको व्यापक समर्थन अपरिहार्य छ। हामीलाई विश्वास छ, नेपाली जनताले यस निर्वाचनमा प्रतिगमन विरोधी वाम लोकतान्त्रिक गठबन्धनलाई मतदानका मध्यायमबाट अत्यधिक बहुमतको सरकार निर्माण गर्ने गरी स्पष्ट जनादेश दिएर देशलाई राजनीतिक स्थिरता र समृद्धिको दिशामा अगिबढाउन अवसर प्रदान गर्नुहुने छ।

विकास तथा समृद्धिको सन्दर्भमा हामी नागरिक अधिकार, अवसर, सुरक्षा र सम्मानका चार स्तम्भलाई सुदृढ गर्न चाहन्छौँ। नागरिकका मौलिक अधिकारका सन्दर्भमा शिक्षा, स्वास्थ्य, काम तथा रोजगारी, खाद्य सुरक्षा, आवाससहित राजनितिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सुनिश्चित गर्न चाहन्छौँ। समृद्धिका अवसरमा सबै

नागरिकको समान पहुँच सुनिश्चित गर्न चाहन्छौँ । हाम्रो पार्टीले आफ्ना हरेक काममा जनताको हित गर्ने सिद्धान्त, विचार, नीति, कार्यक्रम र योजनालाई ध्यानमा राख्दछ । हरेक काम निश्चित विधि र पद्धतिका आधारमा संस्थागत तरिकाले गरिनुपर्दछ भन्नेमा हामी प्रतिबद्ध छौँ । हामी सरकारमा सहभागी हुँदा उक्त प्रतिवद्धताहरू कार्यान्वयन गर्नेछौँ भने प्रतिपक्षमा रहने अवस्थामा हाम्रा नीति, कार्यक्रम र योजना लागु गर्नका लागि दबाबमूलक अभियान सञ्चालन गर्नेछौँ ।

उपरोक्त प्रतिवद्धता र '**जनतामा जाऔं, नेकपा** (**एकीकृत समाजवादी**) **लाई जिताऔँ**' भन्ने नाराका साथ हामी **कलम** चुनाव चिन्ह लिएर तपाईंको घरदैलोमा आएका छौँ । **कलम** चिन्हमा मतदान गरी नेपाल कम्युनिस्ट पार्टी (एकीकृत समाजवादी) का उमेदवारहरूलाई अत्यधिक मतले विजयी बनाउन हामी हार्दिक अपिल गर्दछौँ ।

नेकपा (एकीकृत समाजवादी) लाई विजयी गराऔं, समाजवादको यात्रामा अघि बढौं !

# हाम्रा नाराहरू

(१) यात्रा समृद्धिको, लक्ष्य समाजवादको !

(२) जनताको अधिकार, आधारभूत स्वास्थ्य, शिक्षा र आहार !

(३) आर्थिक-सामाजिक रूपान्तरण र समृद्धि, समाजवादको आधार !

(४) स्वास्थ्य, शिक्षा, उत्पादन र रोजगार, आर्थिक समृद्धिका लागि भौतिक पूर्वाधार !

(५) हरियाली गाउँनगर, वातावरणमैत्री सहर !

(४) शान्ति, लोकतन्त्र, स्वाधीनता र स्वाभिमान, सुखी जनता, समृद्ध नेपाल- हाम्रो अभियान !

(५) स्वच्छ निर्वाचन - लोकतन्त्रको आधार, सवल र समृद्ध राष्ट्र निर्माणको आधार !

(६) आफ्नो गाउँ, आफै बनाऔं, आफ्नो ठाउँ आत्मनिर्भर बनाऔँ !

(९) जनताको अधिकार, भ्रष्टाचारमुक्त बलियो सरकार !

(१०) हाम्रा युवा स्वदेशमै, राष्ट्र निर्माणमा सँगसँगै !

(११) खानी, कृषि, पशु र वन, उद्योग, पर्यटन हाम्रा धन !

(१२) एक गाउँ एक सहकारी, एक घर एक रोजगारी !

(१३) विज्ञान, प्रविधि र आविष्कार, आर्थिक-सामाजिक परिवर्तनको आधार !

(१४) हाम्रो चुनाव चिन्ह कलम, सबैले भोट यसैमा हालम !

(१५) हाम्रो चुनाव चिन्ह कलम, सबैलाई हाम्रो लाल सलाम !

**नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)**
**केन्द्रीय कार्यालय**
बागमती कोरिडोर, आलोकनगर, काठमाडौं
फोन : ०१-४१०६३०२/४१०६३०३
Email: info.cpnus@gmail.com Web : www.cpnus.org.np